सिदिङ्वा गाउँपालिका
ताप्लेजुङ, प्रदेश नं १

प्रतिवेदन

राजस्व सुधार कार्ययोजना
(Revenue Improvement Action Plan)

माउन्टेन थटस कन्सल्टेन्सी प्रा. लि.

महालक्ष्मी -५ ललितपुर

सम्पर्क : ९८५८४२१०६२

इमेल:mthoughts2015@gmail.co

विषयसूची

परिच्छेद -१ 3
कार्ययोजनाको परिचय 3
१.१ पृष्ठभूमी 3
१.२ कार्ययोजनाको उद्देश्य 3
१.३ कार्ययोजनाका विषयबस्तुहरु 4
१.४ कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया 4
१.५ अध्ययनको सीमा 8
परिच्छेद - २ 10
गाउँपालिकाको संक्षिप्त परिचय 10
२.१ गाउँपालिकाको संक्षिप्त परीचय 10
२.२ मानव संसाधन 12
२.३ भौतिक सम्पत्ति 15
परिच्छेद - ३ 16
राजश्व अधिकार र आय सम्भावना विश्लेषण 16
३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था 16
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था 21
३.३ आन्तरिक राजस्वका प्रमुख क्षेत्र र सम्भावना 24
परिच्छेद - ४ 35
आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था 35
४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना 35
४.२ आय संकलनको संस्थागत व्यवस्था 35
४.३ विगतको आय परिचालनको अवस्था 36
४.४ राजस्व परिचालनमा रहेका सवालहरू 38
परिच्छेद - ५ 41
राजश्व सुधार कार्ययोजना 41
५.१ राजस्व सुधार कार्ययोजना 41

आगामी तीन वर्षको आय प्रक्षेपण..... 47
६.१ राजस्व प्रक्षेपणका आधारहरु..... 47
६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण..... 50
परिच्छेद - ७..... 53
निष्कर्ष तथा सुझाव..... 53
७.१ आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण..... 53
७.२ निष्कर्ष तथा सुझावहरु..... 54
७.३ कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन..... 55
अनुसूचीहरू..... 1
अनुसूची १ सन्दर्भ सामग्रीहरू..... 1
अनुसूची २ :तथ्यांक /सूचना संकलनक लागि फारम तथा सूची..... 2
अनुसूची ३: उपस्थिति विवरण..... 9

परिच्छेद -१

कार्ययोजनाको परिचय

१.१ पृष्ठभूमी

नेपालको संघीय शासन व्यवस्थामा ६ वटा महानगरपालिका, ११ उप महानगरपालिका, २७६ नगरपालिका र ४६० वटा गाउँपालिका गरी जम्मा ७५३ वटा स्थानीय तहहरु रहेका छन् । **"नेपालको संविधान २०७२"** को धारा ५६ मा उल्लेख गरिएको संघ , प्रदेश र स्थानीय गरि तिन तहको संरचना मध्ये स्थानीय तहलाई जनताको सबैभन्दा नजिकको सरकार मानिन्छ ।

संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने अनुदानले मात्र स्थानीय तहको खर्च तथा आवश्यकता पुरा गर्न संभव नरहेको र शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच बाँडफाँड गरिएको हुँदा संघीय वित्त व्यबस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरु लगाउने र उठाउने गरी राजश्व अधिकार समेत संबैधानिक रुपमा नै प्रदान गरिएको छ । संविधानको धारा ६० ले संघ,प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती श्रोतबाट राजस्व उठाउन सक्ने व्यवस्था गरेको छ ।

नयाँ पद्धति अवलम्बन गर्दैगर्दा पर्याप्त छलफल तथा अन्तरक्रिया र तयारी नभएका कारण अधिकांश स्थानीय तहहरुमा राजश्व संकलन तथा परिचालनमा केही समस्याहरू समेत देखिने गरेका छन् ।

यिनै समस्याहरूको समाधान गर्न, स्थानीय तहलाई प्रदान गरेको राजश्व अधिकारको पूर्ण उपयोग गर्न, स्थानीय तहको राजस्व परिचालन क्षमतालाई सुदृढ गर्न र राजश्व प्रणालीलाई करदातामैत्री बनाउन **राजश्व सुधार कार्ययोजना** **[Revenue Improvement Action Plan (RIAP)]** तयार गरी कार्यान्वयन गर्न आवश्यक छ । सोही आवश्यकतालाई महसुस गरी **सिदिङ्वा गाउँपालिका ताप्लेजुङ** को राजश्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन तयार पारिएको छ ।

१.२ कार्ययोजनाको उद्देश्य

सिदिङ्वा गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था र आन्तरिक स्रोतका संभावनाहरुको विश्लेषण गरी सुधारका कृयाकलाप पहिचान गर्न र सोको आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग गर्न नै यस कार्ययोजना तयारी गर्नुको मुलभूत उद्देश्य हो । यस कार्ययोजनाका विशिष्ठ उद्देश्यहरू देहाय अनुसार रहेका छन् ।

- गाउँपालिकाको राजस्व अधिकार तथा सुधार योजनाको आवश्यकता सम्बन्धमा निर्वाचित जनप्रतिनिधि, कर्मचारी तथा उद्योग वाणिज्य संघ लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।

- गाउँपालिकाको राजस्वका आधारहरुको शीर्षकगत विश्लेषण सहित विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीको बीचमा भएको फरक पहिचान गर्ने ।
- राजस्व प्रशासनको वर्तमान संस्थागत क्षमता र आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आगामी ३ वर्षको आय प्रक्षेपण एवं आय सुधार रणनीति सहितको राजश्व सुधार कार्ययोजना तयार गर्ने।

१.३ कार्ययोजनाका विषयबस्तुहरु

यस प्रतिवेदनमा सिदिङ्वा गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्थाको विश्लेषणका आधारमा राजस्व सुधारको लागि गर्नुपर्ने कृयाकलापहरुको पहिचान सहित आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । यस कार्ययोजनाले गाउँपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने र आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने विश्वास लिइएको छ । कार्ययोजनामा समेटिएका विषयवस्तुहरू देहाय बमोजिम रहेका छन् ।

क. कार्ययोजनाको परिचय

ख. गाउँपालिकाको संक्षिप्त परिचय

ग. गाउँपालिकाको राजस्व अधिकार तथा आय संभाव्यता विश्लेषण

घ. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था

ङ. राजश्व सुधार कार्ययोजना

च. आगामी ३ वर्षको आय प्रक्षेपण

छ. निष्कर्ष तथा सुझाव

१.४ कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया

सहभागितामूलक विधिको अवलम्बन गरि यस कार्ययोजना तयारी गर्ने कार्य गरिएको थियो । यस क्रममा सर्वप्रथम गाउँपालिकाका पदाधिकारी, शाखा प्रमुख तथा अन्य कर्मचारी र वडा सचिवहरू सहितको सहभागितामा कार्यशाला आयोजना गरी सम्पन्न गरिएको थियो । त्यस बाहेक, सूचना संकलन फारामको उपयोग तथा सम्बन्धित कर्मचारी तथा जनप्रतिनिधिहरुसँग

छलफल जस्ता विधिहरूबाट थप सूचना संकलन गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । थप सूचनाका लागि सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरुसँग छलफल गरिएको थियो । कार्ययोजना तर्जुमाको क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सन्दर्भ सामग्रीहरू **अनुसूची १** मा समावेश गरिएको छ ।

१.४.२ तथ्यांक/सूचना संकलन फाराम तयारी

तथ्यांक संकलन गर्नुअघि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययनका आधारमा परामर्शदातृ संस्थाबाट सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । राजस्व सुधार कार्ययोजनाको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम **अनुसूची २** मा समाबेश गरिएको छ ।

१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यशाला

गाउँपालिकामा २०७९ साल बैशाख महिनाको २ गतेका दिन प्रारम्भिक बैठक गरी अभिमुखिकरण कार्यशालाको मिति, समय, सहभागि र छलफलका विषयबस्तुहरु तय गरिएको थियो ।

प्रारम्भिक बैठकमा तय गरिएको मिति र समयमा २०७९ साल जेष्ठ २१ गतेका दिन अभिमुखिकरण कार्यशाला गोष्ठीमा आयोजना गरिएको थियो जसमा २१ जनाको सहभागिता रहेको थियो ।

चित्र 1 : अभिमुखीकरण कार्यशाला गोष्ठीको एक झलक

कार्यशाला गोष्ठीको अध्यक्षता गाउँपालिका अध्यक्ष श्री मान बहादुर राईले गर्नु भएको थियो । उपाध्यक्ष श्री कृष्ण कुमारी कडरियाले गाउँपालिको राजश्वको वर्तमान अवस्थाका बारेमा प्रकाश पर्नु भएको थियो भने कार्यक्रमको संचालन नि. प्रमुख प्रशाकीय अधिकृत श्री रुद्र प्रसाद बेघाले गर्नु भएको थियो । प्रारम्भमा परामर्शदातृ संस्थाका तर्फबाट श्री कृष्णदत्त भट्टले कार्यक्रमको उद्देश्य, अवधारणा तथा कार्ययोजना तर्जुमा प्रक्रिया बारे प्रकाश पार्नु भएको थियो ।

तालिका नं. १ : कार्यशालामा गठन गरिएका समूह

समुह	समूह कार्यको क्षेत्र	समूह संयोजक र सदस्यहरु
समूह - १	राजस्वका शिर्षक दायरा, दर, तथा प्रक्षेपण	संयोजकः श्री कृष्ण कुमारी कडरिया सदस्यहरुः श्री सन्तोष कुमार पाँचकोटी सदस्यहरुः श्री जय प्रकाश राई सदस्यहरुः श्री छत्रमाया इंजम
समुह -२	कर राजस्व सुधार योजना	संयोजकः श्री अम्बर बहादुर लिम्बु सदस्यहरुः श्री गोपाल बानियाँ सदस्यहरुः श्री तुलसी माया बुढाक्षेत्रि सदस्यहरु: श्री सावीत्रा पौडेल
समुह -३	गैरकर राजस्व सुधार योजना	संयोजकः श्री रत्न लिङदेल सदस्यहरुः श्री रत्न कुमारी खत्री सदस्यहरुः श्री पूर्ण कुमार लिम्बु सदस्यहरुः श्री ईन्द्र कुमार वाइवा
समुह - ४	राजस्व प्रशासन (आयको अभिलेख तथा संकलन, संगठन, अनुगमन र समन्वय)	संयोजकः श्री रुद्र प्रसाद बेघा सदस्यहरुः श्री सेमन्त भट्टराई सदस्यहरुः श्री रेणु लिम्बी

समूह कार्यको प्रस्तुती र छलफल पछि कार्ययोजनाका लागि आवश्यक सूचना संकलन गर्न र आवश्यक समन्वयका लागि निम्नानुसारको कार्यटोली गठन गरिएको थियो ।

तालिका नं. २ : सूचना संकलन कार्यटोली

क्र सं	नाम र पद	जिम्मेवारी
१	श्री कृष्णदत्त भट्ट	संयोजक
२	श्री चक्र भट्टराई	सदस्य
३	श्री सेमन्त भट्टराई	सदस्य

सूचना संकलन कार्यटोलीको गठनसँगै कार्यशाला समापनको लागि परामर्शदाता टोलीको तर्फबाट धन्यबाद सहित फ्लोर गाउँपालिकालाई हस्तान्तरण गरिएको थियो। समापनका अवसरमा गाउँपालिका अध्यक्ष श्री मान बहादुर राईले यस कार्ययोजनाको तर्जुमाबाट गाउँपालिकाको

आन्तरिक आय वृद्धिमा ठोस सुधारको अपेक्षा गर्दै सहभागि सबैलाई धन्यबाद व्यक्त गर्नु भएको थियो। अभिमुखिकरणा कार्यशालाको कार्यक्रम तथा सहभागिहरुको विवरण **अनुसूची ३** मा गरिएको छ।

१.४.४ तथ्यांक/सूचना संकलन

अध्ययनका क्रममा परामर्शदाताद्वारा गाउँपालिकाका विभिन्न शाखाहरू तथा सरोकारवाला पक्षहरूसंग छलफल, अन्तरक्रिया, स्थलगत अवलोकन एवं प्रकाशित अप्रकाशित प्रतिवेदनहरुबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । यसका अलावा तथ्यांक संकलन कार्यटोलीले समेत आवश्यक तथ्यांकहरू संकलन गरी परामर्शदाता टीमलाई उपलब्ध गराएको थियो । अध्ययनका क्रममा संकलन गरिएका क्षेत्रगत तथ्यांक एवं सूचनाहरू देहाय बमोजिम रहेका छन् ।

- राजस्व प्रशासन सम्बन्धी विवरण
- विगत दुईवर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- गाउँपालिकाको वस्तुगत विवरण
- कर्मचारी विवरण तथा संगठन संरचना
- आन्तरिक आयको स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

१.४.५ तथ्यांक विश्लेषण तथा कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयारी

कार्यशाला, समूहगत छलफल र स्थलगत भ्रमण तथा सन्दर्भ सामग्रीहरुको अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी गरिएको विश्लेषणको आधारमा राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार पारिएको थियो ।

१.४.६ मस्यौदा प्रतिवेदन पेश

राजश्व सुधार कार्ययोजनाको मस्यौदा उपर गाउँपालिकाबाट आवश्यक सुझाव तथा सल्लाह प्राप्त गर्नका लागि मस्यौदा प्रतिवेदन गाउँपालिकामा समक्ष पेश गरिएको थियो । गाउँपालिकाबाट प्राप्त सुझाव समेतका आधारमा परिमार्जन गरिएको मस्यौदालाई परामर्श कार्यशालामा प्रस्तुत गरिएको थियो ।

१.४.७ परामर्श कार्यशाला गोष्ठी

प्रतिवेदनको परिमार्जित मस्यौदा प्रस्तुत गरी सुझाव प्राप्त गर्न गाउँपालिकासंगको समन्वयमा असार ११ गते परामर्श कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । परामर्श कार्यशाला गोष्ठीमा गाउँ कार्यपालिका सदस्य, राजस्व परामर्श समितिका सदस्य, कर्मचारी लगायतका सरोकारवालाहरुको उपस्थिति रहेको थियो । कार्यशालामा मस्यौदा प्रस्तुत गरीएको र प्रतिवेदनका विषयबस्तु माथि विस्तृत छलफल गरी राय सुझाव संकलन गरिएको थियो । परामर्श कार्यशालाको कार्यक्रम तथा सहभागिहरुको उपस्थिती विवरण **अनुसूची ३** मा समावेश गरिएको छ ।

१.४.८ अन्तिम प्रतिवेदन तयारी

कार्ययोजनाको मस्यौदामा गाउँपालिकाबाट प्राप्त सुझाव र मिति २०७९/२/२१गते आयोजित परामर्श कार्यशालाबाट गोष्ठीबाट प्राप्त सुझाव समेतका आधारमा मस्यौदा प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । साथै प्रादेशिक सुशासन केन्द्र, विराटनगरको समेत सुझाव समावेश गरी यो अन्तिम प्रतिवेदन तयार गरी पेश गरिएको छ ।

१.५ अध्ययनको सीमा

गाउँपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, कोभिड-१९ महामारीका कारण यस अध्ययनका सीमाहरू निम्नलिखित छन्ः

- कोभिड १९ को प्रकोपको बावजुद यो अध्ययन कार्य गर्नुपरेकोले केहि समय मात्र प्रत्यक्ष रुपमा स्थलगत अध्ययन गर्न सकियो । यसका बाबजुद पनि आवश्यक पर्ने डकुमेन्टहरू गाउँपालिकाको वेवसाइट, नी. प्रमुख प्रशाकीय अधिकृत तथा सुचना प्रविधि अधिकृत मार्फत भच्र्युयल बैठकबाट पनि संकलन गरि योजना तथा कार्यक्रम तयार गरिएको थियो ।
- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा विधुतीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार मानी गरिएको छ। यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित जानप्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलहरुबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएका फाराम अनुसार प्राप्त तथ्याङ्कहरू, कार्यालयका अभिलेखहरु तथा केहि स्थलगत अध्ययनबाट संकलन गरिएको छ । भने तथ्याङ्क संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण भएको छैन ।

- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने परिवर्तन, गाउँपालिकाको सेवामा हुने परिवर्तन, नागरिक संन्तुष्टिमा हुने परिवर्तन, मूल्यांकन दरमा हुने परिवर्तन तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्याङ्कहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

परिच्छेद - २

गाउँपालिकाको संक्षिप्त परिचय

२.१ गाउँपालिकाको संक्षिप्त परीचय

ताप्लेजुङ जिल्लाको ९ स्थानीय तहहरु मध्ये सिदिङ्वा गाउँपालिका एक हो र यो जिल्लाको दक्षिण पूर्वी भागमा रहेको छ । साविकका कालीखोला, सदेवा , आंखोप, साव्लाखु, लिम्बुदिन, मेहेल, र सुरुमखिमा गा.वि.स लाई समेटी निर्माण गारिएको यस गाउँ पालिकाको क्षेत्रफल कुल २०५.९९ वर्ग कि.मि रहेको छ । ७ वटा वडाहरु रहेका यस गाउँपालिकाको नामकरण स्थानीय सिदिङ्वा देवी अवस्थित सिदिङ्वा डाँडाको नामबाट रहन गएको देखिन्छ ।

साव्लाखु भन्ज्यांग केन्द्र रहेको यस गाउँपालिकाको अधिकांश स्थानमा सडक यातायात जोडिएको र आवत जावत गर्न सहज भएको छ । केन्द्रबाट एउटा वडा बाहेक सबै वडा कार्यालयमा जाने सडक संजाल निर्माण भैसेको छ । अझै सडक विस्तारलाई प्राथमिकतामा राख्दै गाउँपालिका अघि बढेको छ । उच्च पहाडी तथा हिमाली विशेषता बोकेको यस गाउँपालिकाको मुख्य आयश्रोत कृषि , पशुपालन तथा जडिबुटी रहेको छ । धार्मिक स्थल तिम्बङ पोखरी र सुन्दर ढ्वाङढ्वाङे झरना रहेको यस गाउँपालिकाले पर्यटकीय , जैविक , संस्कृतिक , धार्मिक र ऐतिहासिक महत्व बोकेको छ ।

भीरपाखा, चट्टानी भूभाग, बेशी र हिउँले ढाकिएका भूभाग तथा बसोबास योग्य क्षेत्र रहेको यस गाउँपालिका जैविक विविधताले भरिपूर्ण रहेको छ । यस गाउँपालिकामा पर्वतीय चिसो हावापानीमा पाइने डाँफे, मुनाल, घोराल, रतुवा रेड पाण्डा जस्ता जीव पाइन्छ भने देवदार, सल्लो, ओखर आदि जस्ता वनस्पतिहरु पनि पाइन्छ ।

अलैंचीको राम्रो सम्भावना बोकेको यस गाउँपालिककको मुख्य पेसा कृषि तथा पशुपालन रहेता पनि वालि विविधिकरण र व्यवसायिक किसिमले खेतीपाती र पशुपालन भने गरेको पाइदैन । बालिजन्य उपजहरुमा अन्नबाली , दलहन बाली र तेलहन बाली यस गाउँपालिकामा उत्पादन गरेको देखिन्छ भने मुख्य बालीनालीमा धान, मकै र कोदो देखिन्छ । कृषी व्यवसायबाट आयआर्जन वृद्धि गर्न तालिम, उन्नत विउविजन, कृषि सामग्रीलाई परिचालन गर्न जरुरी देखिन्छ । यसका साथै कृषीजन्य उत्पादनमा आधारित घरेलु तथा लघुउद्यम व्यवसाय ग्रामीण व्यापारलाई पनि विकास र विव्स्तार गर्न सकिने थप सम्भावनाहरु रहेका छन् ।

यो गाउँपालिकाको पूर्व र दक्षिणमा पांचथर जिल्ला रहेको छ भने पश्चिम र उत्तरमा सिरीजँघा गाउँपालिका रहेको छ । घरपरिवार सर्वेक्षण, २०७६ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १२७५५ रहेको छ भने राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक जनसंख्या कुल १०९८१ रहेको छ । यस गाउँपालिकामा हालका दिनमा जनसंख्या घट्दो अवस्थामा रहेको देखिन्छ ।

तालिका न.२ : सिदिङ्वा गाउँपालिकाको विस्तृत विवरण

सिदिङ्वा गाउँपालिको पूर्वमा	पांचथर जिल्ला
पश्चिममा	सिरीजँघा गाउँपालिका
उत्तरमा	सिरीजँघा गाउँपालिका
दक्षिणमा	पांचथर जिल्ला
जम्मा जनसंख्या	१२७५५ (घरपरिवार सर्वेक्षण, २०७६)
महिला जनसंख्या	६१३९ (घरपरिवार सर्वेक्षण, २०७६)
पुरुष जनसंख्या	६६१६ (घरपरिवार सर्वेक्षण, २०७६)
घरपरिवार	२४५५ (घरपरिवार सर्वेक्षण, २०७६)
औषत परिवार	५.१६ (घरपरिवार सर्वेक्षण, २०७६)
जम्मा क्षेत्रफल	२५५.९९ वर्ग किलोमिटर
जम्मा वडा संख्या	७
गाउँपालिका केन्द्र	साविकको साव्लाखु गा.वि.स. को कार्यालय

श्रोत: गा.पा.वस्तुस्थिती विवरण २०७६

गाउँपालिकाको श्रोत नक्सा

२.२ मानव संसाधन

गाउँपालिकाको संगठनात्मक संरचना तयार नभईसकको अवस्थामा आ.व. २०७७/०७८ को समीक्षा फाराम अनुसार गाउँपालिकामा रहेको मानव संसाधनको अवस्था यस प्रकार रहेको छ।

(क) कर्मचारीको उपलव्धत /.पा.न) गा .पा. स्तर

पद	दरवन्दी संख्या	पदपूर्ति संख्या			रिक्त	पदपूर्तिको लागि लो.से.आ.माग
		स्थायी	करार	जम्मा		
अधिकृतस्तर	८	७	१	८	३	
सहायकस्तर	३५	२१	१४	३५	७	
कूल जम्मा	४३	१४	१४	२९	१०	

श्रोत : कर्मचारी विवरण गाउँपालिका ०७७

(ख) विषयगत क्षेत्रतर्फ कर्मचारीको विवरण

अ. शिक्षा

पद	दरवन्दीसंख्या	पदपूर्तिको अवस्था			
		स्थायी	करार	जम्मा	रिक्त
अधिकृतस्तर	१	१		१	०
सहायकस्तर	१	१		१	०
कूल जम्मा	२	२		२	0

आ. कृषि

पद	दरवन्दीसंख्या	पदपूर्तिको अवस्था			
		स्थायी	करार	जम्मा	रिक्त
अधिकृतस्तर	१	१	0	१	१
सहायकस्तर	३	२	१	३	०
कूल जम्मा	४	३	१	४	१

इ. पशु सेवा

पद	दरवन्दीसंख्या	पदपूर्तिको अवस्था			
		स्थायी	करार	जम्मा	रिक्त
अधिकृतस्तर	१	१	0	१	१
सहायकस्तर	४	३	१	४	०
कूल जम्मा	५	४	१	५	१

ई. स्वास्थ्य (स्वास्थ्य चौकी सहित)

पद	दरवन्दीसंख्या	पदपूर्तिको अवस्था			
		स्थायी	करार	जम्मा	रिक्त
अधिकृतस्तर	१	१	०	१	१
सहायकस्तर	३६	१९	१७	३६	२०
कूल जम्मा	३७	२०	१७	३७	२१

उ. महिला तथा बालबालिका

पद	दरवन्दीसंख्या	पदपूर्तिको अवस्था			
		स्थायी	करार	जम्मा	रिक्त
अधिकृतस्तर					
सहायकस्तर	१	0	0	0	१
कूल जम्मा	१	0	0	0	१

ऊ. इन्जिनियरिङ्ग सेवातर्फ

पद	दरवन्दीसंख्या	पदपूर्तिको अवस्था			
		स्थायी	करार	जम्मा	रिक्त
अधिकृतस्तर	१	१	०	१	0
सहायकस्तर	८	७	१	८	४
कूल जम्मा	९	९	१	९	४

यो प्रतिवेदन तयार पार्दाका बखत गाउँ कार्यापालिकामा रहेका मुख्य शाखा तथा शाखा प्रमुखहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३: कर्मचारीहरुको विवरण

क्र.स.	कर्मचारीको नाम थर	पद	सेवा/समुह
१	सुमन लिङदेन (लिम्बु)	प्र.प्र.अ	प्रशासन/सा.प्र
२	दिनेश ठाकुर	इन्जिनियर	इन्जिनियर/सिभिल
३	विरेन्द्र सिग्देल	लेखा अधिकृत	लेखा/प्रशासन
४	सत्येन्द्र प्रसाद यादव	सि.अ.हे.व	स्वास्थ्य/हे.ई
५	सुनिता भट्टराई	अधिकृत	शिक्षा/शिक्षा प्रशासन
६	चन्द्रा थापा	सहायक	प्रशासन/सामान्य प्रशासन

७	भरत रिजाल	आ.ले.प	प्रशासन/लेखा
८	शोभा वान्तावा राई	सहायक	प्रशासन/सामान्य प्रशासन
९	तिलविक्रम लिम्बु	लेखापाल	लेखा/प्रशासन
१०	जसना कुमारी गन्गाई	प्राविधिक सहायक	शिक्षा/शिक्षा प्रशासन
११	नारायण अर्याल	कम्प्युटर अपरेटर	विविध
१२	रुद्र प्रसाद वेघा	सहायक	इन्जिनियरिङ/सिभिल
१३	सरोज कार्की	सव-इन्जिनियर	इन्जिनियरिङ/सिभिल
१४	तोयानाथ रिमाल	सहायक	प्रशासन/सा.प्र
१५	निश्चल गौतम	सहायक	प्रशासन/सामान्य प्रशासन
१६	धजेन्द्र राई	सहायक	प्रशासन/सामान्य प्रशासन
१७	इन्द्र कुमारी वाइबा	सहायक	प्रशासन/सामान्य प्रशासन
१८	कुशल खतिवडा	अ.स. इन्जिनियर	इन्जिनियरिङ/सिभिल
१९	मनिष थापा	अ.स. इन्जिनियर	इन्जिनियरिङ/सिभिल
२०	चन्द्र प्रसाद साँवा	असिस्टेन्ट सव इन्जिनियर	इन्जिनियरिङ/सिभिल
२१	शुशिला सुवेदी	स.म.वि.नि	विविध
२२	केशव खतिवडा	खा.पा.स.टे	विविध
२३	गोपाल गौतम	अ.स. इन्जिनियर	इन्जिनियरिङ/सिभिल
२४	एन्जल बाबु कार्की	सहायक	कृषि/पशु
२५	विकास थेवे	सहायक	नेपाल कृषि
२६	फुलमाया पन्दाक	रोजगार संयोजक	
२७	राम अवतार यादव	हे.अ.	
२८	आशा तुम्बाहाङ्फे	एम.आइ.एस. अपरेटर	
२९	बिमला बानियाँ	फिल्ड सहायक	
३०	नविन राई	फिल्ड सहायक	
३१	प्रतिका रसाईली	ना.प्रा.स	
३२	कविता बुढाथोकि	ना.प्रा.स	
३३	उदिप वेघा	का. स	
३४	दावा किपा शेर्पा	का. स	
३५	असोक लिम्बु	का. स	
३६	अर्जुन खड्का	का. स	

२.३ भौतिक सम्पत्ति

साविकको इलाका स्वास्थ्य चौकीलाई गाउँपालिकाले कार्यालय भवनको रुपमा प्रयोग गर्दै आएको छ भने हाल ६ वडाहरु साविकको सरकारी कार्यलयमा छन् । १ वडाको मात्र आफ्नो भवन नभएको र हाल भाडाको घरमा संचालन छ। कार्यालय भवनमा गाउँपालिकाका सम्पूर्ण शाखा, उपशाखाहरू संचालनमा रहेका छन। बिजुलीको पहुँचका साथै सौर्य उर्जाबाट कार्यालय संचालन गरिएको छ । पालिकामा आवश्यक फर्निचर, कम्युटर लगायतका उपकरणहरु आवस्यक मात्रामा रहेका छन। गाउँपालिकाको स्वामित्वमा रहेका सवारी साधनहरु यस प्रकार छन।

तालिका न. ४: सवारी साधनको विवरण

सवारी साधन	संख्या	अवस्था		
		चालु	मर्मत गर्नुपर्ने	लिलाम गर्नुपर्ने
दुई पाङ्ग्रे मोटरसाइकल)/स्कुटर(	१६	१६		
चारपाङ्ग्रे जीप)/कार/भ्यान(	१	१		
दमकल	०	०		
एम्बुलेन्स	१	१		
शववाहन	०	०		
अन्य एक्साभेटर,ट्रिपर,ट्रयाक्टर), लोडर आदि(भ्याकु डोजर)	१	१		

परिच्छेद - ३

राजश्व अधिकार र आय सम्भावना विश्लेषण

३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले गाउँपालिकालाई प्रदान गरेका राजस्व अधिकार देहाय बमोजिम रहेको छः

- सम्पत्ति कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमीकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर

स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिकालाई देहायका राजस्व अधिकार प्रदान गरेको छः

(क) गाउँपालिकाको एकल राजस्व अधिकारः

अ) कर

-**सम्पत्ति करः** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने व्यबस्था रहेको छ । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्दछ । (आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ वाट संशोधित ब्यवस्था)

-**भूमि कर (मालपोत):** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमीकर वा मालपोत लगाउने व्यबस्था छ । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउनपाइदैन । (आर्थिक ऐन २०७५ वाट संशोधित ब्यवस्था)

-**घर जग्गा बहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा घरजग्गा बहाल कर लगाउन सकिने व्यबस्था छ। (तर खण्ड ६८, संख्या ३, भाग ५, मिति २०७५।१।१० को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने घर बहाल कर मात्र सम्बन्धित स्थानीय तहले संकलन गर्ने व्यबस्था गरेको छ ।)

-**व्यवसाय करः** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा स्थानीय तहले व्यबसाय कर लगाउने व्यबस्था रहेको छ ।

-**सवारी करः** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतिय रिक्सामा स्थानीय तहले सवारी कर लगाउन सक्छ ।

-**जडिबुटी, कवाडी र जीवजन्तु करः** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत स्थानीय तहले यस्तो कर लगाउन सक्छ।

आ) शुल्क

-**बहाल बिटौरी शुल्कः** आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत स्थानीय तहले बहाल विटौरी शुल्क लिन सक्ने व्यबस्था छ ।

-**पार्किङ शुल्कः** आफ्नो क्षेत्रभित्र सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत यो शुल्क लगाउन सकिन्छ ।

इ) सेवा शुल्क

स्थानीय तहले उपलब्ध गराउने देहायका सेवामा सेवाशुल्क लगाई उठाउन सक्ने व्यबस्था छ :

-आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ, कायकिङ, बञ्जी जम्प, जिपप्लायर, प्याराग्लाइडिङ आदि मनोरञ्जन तथा साहसीक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।

-आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाहगृह, धोविघाट, सडक, वसपार्क, पुल आदि सेवामा ।

-अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।

-सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

ई) दस्तुर

-**दर्ता, अनुमति तथा नवीकरण दस्तुरः** देहायका सेवा उपलब्ध गराए बापत स्थानीय तहले दस्तुर लिन सक्छ:

-एफएम रेडियो संचालन, 'घ' वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ सेन्टर, औषधि पसल, जग्गा विकास (प्लटिंग)

-ढुङ्गा, गिट्टी, वालुवा, माटो, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग

- घरनक्सा पास

३५ दिन पछि दर्ता गरिने व्यक्तिगत घटना

-सबै किसिमका सिफारिश तथा प्रमाणित सेवा

उ) बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)

-गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।

-गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।

-यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)

-सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने ।

-वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को उपरोक्त कानूनी व्यबस्था र संघीय वन ऐन २०७६ मा गरिएको सामुदायिक वन सम्बन्धी व्यबस्था एक आपसमा बाझिन गएको अवस्था उत्पन्न भएको छ ।

(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४))

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गाउँपालिकालाई निम्नअनुसार राजस्व अधिकार प्रदान गरेको छः

(अ) एकल कर प्रशासन सम्वन्धी ब्यवस्था (आर्थिक ऐन २०७५ वाट संसोधित ब्यवस्था)

(क) सवारी साधन कर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन कर गाउँपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र गाउँपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले निर्धारण गर्ने र गाउँपालिकाले उठाउने ।

(घ) विज्ञापन कर गाउँपालिकाले लगाउने र उठाउने ।

(ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यबस्था रहेको छ ।

प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने हुन्छ ।प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत गाउँपालिकालाई बाँडफाँड हुने गर्दछ । यस्तो रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई मासिक रुपमा उपलब्ध गराउनु पर्ने हुन्छ ।

(आ) राजस्व बाडफाँड

नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने व्यबस्था छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम यस्तो रकमको बाँडफाँड हुने गर्दछ । यस्तो रकम स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने व्यबस्था छ । प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी समेत आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशतले हुने रकम बाँडफाँड गरिन्छ । यस्तो रोयल्टी स्थानीय तहलाई बार्षिक रुपमा प्राप्त हुने व्यबस्था छ ।

(इ) अनुदान

-**वित्तीय समानीकरण अनुदानः** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने ।

-**सशर्त अनुदानः** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।

-**समपूरक अनुदानः** पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।

-**विशेष अनुदानः** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने ।

(ई) वैदेशिक सहायता तथा आन्तरिक ऋण

-नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।

-नेपाल सरकारको सहमति लिएरमात्र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने ।

-स्थानीय तहले नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त कानूनी व्यवस्था बमोजिम स्थानीय तहले राजस्व अधिकारको उपयोग गर्दा कानून बमोजिम वाहेक कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने ब्यवस्था हुनुका साथै निम्न अनुसारका थप ब्यवस्थाहरू रहेका छन् ।

-कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूंजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने संवैधानिक ब्यवस्था रहेको ।

-कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्रमा कर नलाग्ने

-सेवा शुल्क असुली कार्य आफै वा ब्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने ।

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

माथि उल्लिखित राजस्व अधिकार सम्बन्धी कानूनी व्यबस्थाका आधारमा यस गाउँपालिकाको सम्भाव्य आय शिर्षकहरूको परिचालनको अवस्था विश्लेषण गरिएको छ । यस अन्तर्गत गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, दर निर्धारण र संकलनको अवस्थालाई देहाय बमोजिम पहिचान गरिएको छ :

तालिका नं. ५ : आन्तरिक आय परिचालनको वर्तमान अवस्था

क्र.सं.	आयका शिर्षक	सम्भावना	दर निर्धारण	संकलन
क.	**करतर्फ**			
१	सम्पत्ति कर	छ	भएको	
२	भूमि कर (मालपोत)	छ	भएको	
३	सवारी साधन कर	छ	भएको	
४	घर बहाल कर	छ	भएको	
५	जग्गा बहाल कर	छ	नभएको	
६	घर जग्गा रजिष्ट्रेसन शुल्क	छ	भएको	
७	व्यवसाय कर	छ	भएको	

८	जडीबुटी, कवाडी र जीवजन्तु कर	छ	नभएको	
९	विज्ञापन कर	छ	भएको	
१०	मनोरन्जन कर	छ	भएको	
ख.	**गैरकर**			
१	पर्यटन शुल्क	छ	नभएको	नभएको
२	ढुंगा, गिट्टी, बालुवा, एवम् माटोजन्य वस्तुको बिक्री	छ	नभएको	नभएको
३	केवलकार शुल्क	छ	नभएको	
४	डुंगा परिवहन (बोट सेवा) शुल्क	छ	नभएको	
५	काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री	छ	नभएको	नभएको
६	सामुदायिक वन पैदावार बिक्री	छैन	नभएको	नभएको
७	नक्सापास दस्तुर	छ	भएको	भएको
८	व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर	छ	भएको	भएको
९	बहाल विटौरी शुल्क	छ	नभएको	नभएको
१०	पार्किङ्ड शुल्क	छ	नभएको	नभएको
११	फोहरमैला व्यवस्थापन शुल्क	छ	नभएको	नभएको
१२	स्थानीय खानेपानी महसुल	छ	नभएको	नभएको
१३	स्थानीय विद्युत् महसुल	छ	नभएको	नभएको
१४	मनोरञ्जन कर तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क (ट्रयाकिंग, कायाकिङ्ड, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिङ्ड आदि)	छ	भएको	
१५	निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क	छ	नभएको	नभएको

	(अतिथि गृह, सभागृह, सडक वत्ति, शौचालय, पार्क, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, वसपार्क आदि)			
१६	मूल्यांकन सेवा शुल्क	छ	भएको	नभएको
१७	दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय, स्थानीय स्तरका व्यापारिक फर्म (आंशिक)	छ	नभएको	नभएको
१८	ढुङ्डा, गिट्टी, बालुवा, माटो, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क	छ	नभएको	
१९	सिफारिश तथा प्रमाणित दस्तुर	छ	भएको	भएको
२०	दण्ड जरिवाना	छ	नभएको	नभएको

प्रस्तुत तालिकामा विद्यमान कानुनी प्रावधान अनुसार गाउँपालिकाले लिन पाउने कर तथा गैरकरहरुको आधारभूत अवस्था शीर्षकगत रुपमा प्रस्तुत गरिएको छ ।

तालिका अनुसार करतर्फ १० शीर्षक र गैरकरतर्फ २० शीर्षकमा आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण गरिएको छ । यस तालिका अनुसार गाउँपालिकाले लिनसक्ने १० किसिमका करमध्ये गाउँपालिकाका सम्बन्धित कर्मचारीहरूसँगको छलफल, स्थानीय तहको भ्रमण तथा गाउँपालिकाका दस्तावेजहरूको अध्ययनका आधारमा १० किसिमकै करहरु संकलनको सम्भावना रहेको देखिन्छ ।सम्भावना देखिएका मध्ये पनि मालपोत , घरधुरी कर र घर जग्गा रजिष्ट्रेशन करमात्र संकलन भएको देखिन्छ । तत्काल संभावना नदेखिएको सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) का साथै सम्पति, घरवहाल कर , सवारी साधन कर, मनोरंजन कर लगायतका शीर्षकबाट राजस्व संकलन भएको देखिदैन ।

गैरकरतर्फका राजस्वका २० शीर्षकमध्ये १३ शीर्षकमा संकलनको सम्भावना भएको पाइए पनि धेरै शीर्षकको दर निर्धारण नभएको र सेवा शुल्क शीर्षकहरुबाट मात्र राजस्व संकलन भएको पाइएको छ ।

तालिका न. ६: आन्तरिक आयको अवस्था

प्रमुख स्रोत	२०७८/०७९ को यथार्थ (बैशाख मसान्त सम्मको)	कैफियत
कर		
ब्यवसाय रजिष्ट्रेशन र नविकरण दस्तुर	७७८००	
भुमि कर (मालपोत)	४९५०१२	
घरधुरि कर	६११८३	
घर जग्गा रजिष्ट्रेशन	२४३०२६	
गैर कर		
सिफारिस दस्तुर	३०००००	
सेवा शुल्क/ नवीकरण/ (सवै किसिमका)	१२१११०५	
कूल जम्मा	**२३८८१२६**	

श्रोत: राजश्व परामर्श समितिको प्रतिवेदन २०७८

३.३ आन्तरिक राजस्वका प्रमुख क्षेत्र र सम्भावना

३.३.१ कर राजस्व

क. सम्पत्ति कर

<u>हालको अवस्थाः</u> "सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" ले घरसंरचना र सो घर संरचनाले चर्चेको (प्लिन्थ एरिया) जग्गामा सम्पत्ति कर लगाउने व्यवस्था गरेको छ । करको दर आर्थिक ऐन २०७७ को अनुसूची १ अनुसार ०.२५ प्रतिशत तोकिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकामा २४८४ घरधुरी रहेका छन् । गाउँपालिकाले सम्पत्ति कर अन्तर्गत घरधुरी कर बापत गत आ.व.०२७९/०८० मा रु. ७०००० संकलन गर्ने लक्ष्य लिइएको देखिन्छ ।

<u>संभाव्यताः</u>

गाउँपालिकाको वस्तुगत विवरण अनुसारको कुल घरधुरी संख्या २४८४ भएको र हालको कानूनी व्यबस्था अनुसार घर तथा घरले चर्चेको जग्गाको मात्र सम्पत्ति कर लिन सकिने भएकोले संभाव्यता गणना गर्दा सम्पूर्ण घरधुरी मध्ये ५० प्रतिशत (१२४२)लाई करको दायरामा ल्याउन सकेमा निम्न राजस्व उठने सम्भावना देखिन्छ ।

तालिका न. ७ : संभाव्यता विश्लेषण

कुल घरधुरी	आगामी आ.ब.मा करको दायरामा ल्याउन संख्या (५०%)	प्रति घरको सम्भाव्य लागत	कुल लागत	राजस्वको दर प्रतिशत	अनुमानित राजस्व
२४८४	**१२४२**	**१०००० **	**१२४२०००० **	**0 .२५**	**३१०५००० **

श्रोत: गाउँपालिका वस्तुस्थित विवरण २०७६ र करको दर गा.प राजश्व कानुन २०७७ अनुरुप

<u>सुधारका पक्षहरूः</u>

- करदातालाई करको दायरामा ल्याउनका लागि करदाता जनचेतना कार्यक्रम संचालन गर्नु पर्ने ।
- घर कायम नभएका हकमा आवश्यक प्रक्रिया पुरा गरी घर कायम गर्ने ।
- सम्पत्ति कर कार्यान्वयनका लागि सम्पत्ति कर व्यवस्थापन कार्यविधि तयार गर्ने ।
- सम्पत्ति कर सङ्कलन सफ्टवयर मार्फत गर्ने ।
- सम्पति कर नतिरेका घरपरिवारलाई पालिकाबाट दिएने सिफारिस बन्द गर्ने ।

ख. भूमि कर (मालपोत)

<u>हालको अवस्थाः</u> "सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" ले सम्पत्ति कर लगाउने भनी तोकिएको जग्गाबाहेकका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने व्यवस्था गरेको छ । भूमीकर (मालपोत) लिंदा सम्पत्ति कर प्रयोजनका लागि कायम भएको जग्गाको मूल्य र करको दरका आधारमा लिने गरिएको छ । गाउँपालिकाले करदाताबाट र भूमीकर (मालपोत) भनी भूमीकर (मालपोत) कर लाग्ने जग्गाको क्षेत्रफल छुट्याई कर लिने गरेको छैन ।

<u>संभाव्यताः</u>

गाउँपालिकाको वस्तुगत विवरण अनुसारको पालिकाको कुल क्षेत्रफल २०५.९९ वर्ग किलोमिटर मध्य ३५.६७ वर्ग किलोमिटर कृषि भूमि र ०.८१ वर्ग किलोमिटर आवास क्षेत्र रहेको छ । आवास क्षेत्रको भूमिमा सम्पति कर र ३५.६७ वर्ग किलोमिटर कृषि भूमिमा मालपोत कर उठाउन सक्ने सम्भावना रहेको छ र गाउँपालिकाको राजश्व सम्बन्धी कानुन ,२०७७ भूमिकर को निर्धारण गरिएत पनि गत आ.व मा ३५०५५५ र चालु आ.व.को बैशाख मसान्त सम्ममा

४,९५,०१२ उठेको देखिन्छ । आगामी आ.व.को अनुमान ५००००० भूमि कर बापत उठाउने लक्ष रहेको छ । करदाताहरुलाई करमैत्री वातावरण बनाउन सके अजै धेरै उठ्न सक्ने देखिन्छ ।

<u>सुधारका पक्षहरूः</u>

- गाउँपालिकाको राजश्व सम्बन्धी कानुन ,२०७७ परिमार्जन गरि भूमि कर (मालपोत) दर निर्धारण गर्ने ।
- सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रुपमा अभिलेखीकरण गर्ने ।
- सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने ।
- ऐन परिमार्जन गरी भूमिकर र सम्पत्ति कर अनिवार्य रुपमा एकैपटक उठाइने कानुनी व्यबस्था गर्ने ।
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने ।

ग. घरजग्गा वहाल कर

<u>हालको अवस्थाः</u>

"सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" यस गाउँपालिका क्षेत्रभित्र व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना यस्तै पाकी वा कच्चा संरचना घर बहाल आयको रकमको २ प्रतिशत घरबहाल कर लगाइने व्यवस्था गरेको छ । तर जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएको हकमा करदातलाई कारको दायरामा ल्याएको देखिदैन । घर बहालमा करको दर निर्धारण गरे पनि हाल सम्म कर उठेको देखिदैन ।

<u>संभावनाः</u> "सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" को परिच्छेद ४ को दफा ११ परिमार्जन गरि जग्गा बहाललाई पनि करको दायरामा ल्याएर तपशिलको विवरण अनुसार घर तथा जग्गा दुबैको विवरण अभिलेख संकलन आवश्यक देखिन्छ ।

तालिका नं. ८: घरजग्गा बहाल कर अभिलेख तपशिल रहेमा सहज हुने

प्रयोजनका आधारमा बहाल लिने करदाता	बहालमा भएको संख्या	औसत मासिक भाडा रकम जम्मा	वार्षिक भाडा असुली	प्रस्तावित करको दर २ प्रतिशत
	(क)	(ख)	(ग)	(घ)
गाउँपालिका तथा वडा कार्यालय	**यकिन नभएको**	**यकिन नभएको**	**यकिन नभएको**	
संस्थागत व्यावसायीक फर्म, वित्तिय संस्था, सहकारी तथा सार्वजनिक संस्थाहरू	**यकिन नभएको**	**यकिन नभएको**	**यकिन नभएको**	
उल्लेखित बाहेक घरयासी प्रयोजनले बहालमा लगाउने	**यकिन नभएको**	**यकिन नभएको**	**यकिन नभएको**	
जम्मा				

माथिको तालिकाको विश्लेषण अनुसार आगामी आ.व.मा राम्रो रकम बहाल कर उठ्न सक्ने अनुमान गरिएको छ ।

<u>सुधारका पक्षहरूः</u>

- घरजग्गा बहाल कारलाई व्यवस्थितरुपमा लागु गर्नका लागि घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधि बनाई कार्यन्वयन गर्ने ।
- घर बहाल करको दर पुनरावलोकन गरी प्रगतिशिल दर निर्धारण गर्ने ।
- लगत विवरण संकलन गर्ने ।
- करदाता पहिचान गरि लगत संकलन गर्ने ।
- घर धनि र बहालमा बस्ने दुबैलाई बहाल करको बिषयमा जानकारी गराउने ।

.

घ. व्यवसाय कर

"सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" अनुसार व्यवसायहरूलाई व्यवसायको किसिमको आधारमा विभाजन गरी वार्षिक करको दर निर्धारण गरेको छ । यस गाउँपालिकाले आफ्नो क्षेत्र भित्र व्यवसाय दर्ता तथा नवीकरण शुल्क लगाउदै आएको छ । राजस्व सम्बन्धी कानुन २०७७ अनुसूची ३ (दफा ४ सँग सम्वन्धित) अनुसार १७ वटा व्यावसायको वार्षिक व्यवसाय कर निर्धारण गरेको छ ।

<u>हालको अवस्थाः</u>

राजस्व परामर्श समितिको अनुसूची ३ मा दर निर्धारण गरेका १७ व्यावसायका प्रकार दर्ता र नविकरण शुल्क वापत आ.ब. २०७८/०७९ को बैशाख मसान्त सम्ममा कुल ३८५०० र आगामी आ. व मा कुल ४०००० उठाउने अनुमान गरिएको देखिन्छ ।

संभावनाः

"सिदिङ्वा गाउँपालिकाको वस्तुस्थिती विवरण २०७६" अनुसार हाल हाल सम्मा किराना, भाँडा पसल , कपडा पसल, इलेकट्रोनिक पसल , रेष्टुरेन्ट गरि जम्मा ३६ प्रकारका व्यावसाय दर्ता गरेको पाइएको छ । त्यसैगरी सिदिङ्वा गाउँपालिकाको आ.ब. २०७७।०७८ को बार्षिक प्रगति प्रतिवेदन अनुसार नँया १५ वोटा व्यवसाय पनि दर्ता भएको देखिन्छ । गाउँपालिकाको क्षेत्रमा रहेका सवै प्रकारका व्यवसायलाई कारमैत्री वातावरण सृजना गरि करको दायरामा ल्याउनु पर्ने देखिन्छ । गाउँपालिकाको करको दररेटमा क वर्गका होटेलमा सवैभन्दा धेरै रु ५००० कर रहेको देखिए पनि ठुला होटेल , पार्टी प्यालेस भने निर्माण भएका छैनन् । कृषी फर्म लगायत पशु फर्म हरुलाई पनि व्यवसायको दायरामा ल्यानु पर्ने देखिन्छ ।

सुधारका पक्षहरूः

- दर्ता तथा अनुमतिका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमन गर्न दण्ड जरिवानाको ब्यवस्था गर्ने ।

ङ. जडीबुटी, कवाडी, जीवजन्तु कर

"सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" को परिच्छेद १४ मा गाउँपालिका भित्र कुनै पनि व्यक्ति वा सस्थाले जडिबुटी, खोटो,वनकस , कवाडीमाल ऊन ,र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड़छाला , सिंग खुर प्वाखजस्ता वस्तुको व्यावसायीक कारोवार गरेमा कर लगाउने प्रावधान रहेको छ ।

हालको अवस्था

वन उत्पादन, जडिबुटी, कवाडी र जीवजन्तु कर सम्बन्धमा कुनै तथ्याङ्क नभएकाले आगामी आ व.मा कुल रु.४३०००० निकासी कर सङ्कलन हुन सक्ने अनुमान गरिएको छ जसमा अन्य ढुंगा , गीटी, वालुवा आदि निकासी शिर्षक छुटाउन आवश्यक देखिन्छ ।

सुधारका पक्षहरूः

- जडिबुटी, कवाडी तथा जीवजन्तु कारोवारको अनुगमन गरि सबैलाई करको दायरामा समावेश गर्नुपर्ने ।

- कवाडी वस्तुहरूको व्यावसायिक रुपमा सङ्कलन तथा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर सङ्कलन गर्ने ।

च. सवारी साधन कर

राजश्व परामर्श समितिले गाउँपालिकामा सवारी साधन करको व्यवस्था गरेको भएता पनि हाल सम्म यस शिर्षकमा कर उठेको देखिदैन ।

<u>संभावनाः</u>

पालिकाको राजश्व परामर्श समितिले सवारी साधन दर्ता तथा सन्चाल इजाजत दस्तुरको दर निम्न अनुसार तोकेको हुनाले गाउँपालिका भित्र रहेका सवारीको तथ्यांक संकलन गर्नु आवश्यक रहेको छ जसले गर्दा यस शिर्षकमा कर उठ्ने सम्भावना रहन्छ ।

तालिका न.९: सम्भाव्यता विश्लेषण

विवरण	अनुमानित संख्या	वार्षिक दर	सम्भाव्य रकम (रु) (वार्षिक(
इन्धनबाट चल्ने सवारी साधन	१००	१००	१००००
ठेला (इन्धन बिना)	१००	५०	५०००
कुल			**१५०००**

<u>सुधारका पक्षहरूः</u>

- "सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" लाई परिमार्जन गर्नुपर्ने ।
- राजस्वको दायरा बढाई टाँगा, रिक्सा, अटो रिक्सा र ई रिक्साको दर्ता तथा नविकरणको शुल्क निर्धारण गर्ने ।

छ) विज्ञापन कर

"सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" ले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार-प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ र यस्ता विज्ञापन सामग्री राख्न अनुमति लिनु पर्ने व्यवस्था गरेको छ । संघीय कानून अनुसार यो प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा सङ्कलन गाउँपालिकाले गरी सङ्कलित रकममध्ये ६० प्रतिशत आफुले राखी ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।

हालको अवस्था र सम्भावना :

राजश्व परामर्श समितिले मुख्य , अन्य र निजि क्षेत्र तिन क्षेत्रम प्रति मिटर र प्रति दिन गरि विज्ञापन सामग्रीको करकोदर निर्धारण गरेकको छ साथै धरौटीको पनि ब्यवस्ता गरेको देखिन्छ । गाउँपालिका क्षेत्रमा हुने विज्ञापन सामग्री सम्बन्धी आवश्यक तथ्याङ्क नभएको साथ साथै हाल यस शिर्षकमा कर सङ्कलन हुने सम्भावना न्यून देखिन्छ ।

सुधारका पक्षहरूः

- विज्ञापन कर व्यबस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- गाउँपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्री सम्बन्धी लगत संकलन गर्ने ।
- सबै विज्ञापनलाई करको दायरामा आउने विषय सुनिश्चित गर्ने साथै विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाउने ।
- सार्वजनिक जग्गा बाहेक निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानूनी व्यबस्था गर्ने ।
- न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

३.३.२ गैरकर राजस्व

क) बहाल बिटौरी शुल्क

“सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७” को परिच्छेद १४ गैरकर राजश्व अन्तर्गत पालिकाको सार्वजनिक, स्थानीय सरकारको नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनीस्थल र ती ठाउँमा अस्थायी अनुमति दिएका पसलमा बहाल बिटौरी शुल्क तोकेको हुँदा यस शिर्षकबाट राजस्व उठने सम्भावना देखिन्छ ।

<u>सुधारका पक्षहरूः</u>

- कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७ लाई परिमार्जन गर्ने ।
- सार्वजनिक, पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर, टहरा तथा अन्य संरचना सम्बन्धी विस्तृत तथ्यांक संकलन गरि बहाल विटौरी शुल्कको दायरामा ल्याउने ।

- जमिनको उपयोग अनुसार शुल्कको दर निर्धारण गर्ने ।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।

ख) पार्किङ शुल्क

"सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" को परिच्छेद १४ गैरकर राजश्व अन्तर्गत आफुले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किंग स्थलमा सवारी साधन पार्किंग शुल्क लगाई उठाउन सक्ने व्यवस्था रहेको हुदा यस शिर्षकबाट राजस्व उठने सम्भावना देखिन्छ ।

<u>सम्भावनाः</u>

विभिन्न चाड पर्वहरुमा लाग्ने, महोत्सव , उत्सव , मेला तथा हाट बजारमा आउने सवारी साधनहरुको व्यवस्थित पार्किंगको व्यवस्थापन गरि शुल्क संकलन गर्न सक्ने सम्भावना छ । राजश्व परामर्श समितिको अनुसूची ४ ख अनुरुप पार्किंगको व्यवस्थापन गर्न सकेमा सवारी साधन पार्किंग शुल्क बापत देहायको राजश्व उठाउन सकिने सम्भाव्यता रहेको देखिन्छ ।

तालिका न १०: सम्भाव्यता विश्लेषण

विवरण	**अनुमानित संख्या पारकिंग (महोत्सव , उत्सव , मेला तथा हाट बजारमा वार्षिक रुपमा)**	**प्रति टिप पारकिंग दर**	**सम्भाव्य रकम (रु) (वार्षिक)**
मोटर साइकल, स्कुटर	१०००	१०	१००००
टेम्पो, अटो रिक्सा	५००	२०	१००००
जिप कार , मारुती भ्यान	५००	१०	५०००
माइक्रो ज वर्ग ल्याण्ड रोभर	५०	१०	५००
कुल			**२५५००**

<u>सुधारका पक्षहरूः</u>

- कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७ लाई परिमार्जन गर्ने ।
- उपयुक्त स्थानमा पार्किंग स्थलको निर्माण गरि पार्किंग सेवा उपलब्ध गराउने ।
- पार्किंग शुल्क भुक्तानीको बिधि छनोट गरि कार्यान्वयन गर्ने ।

ग) फोहोर मैला व्यवस्थापन शुल्क

गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७ मा फोहोर मैला व्यवस्थापन शुल्क तोकेको नहुँदा यस शिर्षकबाट राजस्व उठने सम्भावना देखिदैन ।

<u>सुधारका पक्षहरूः</u>

- कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७ लाई परिमार्जन गर्ने ।
- फोहोर मैला व्यवस्थापन कार्यबिधि निर्माण गर्ने ।

घ) डुंगा परिवहन शुल्क : गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७ मा पालिकाले आफ्नो क्षेत्र भित्र डुंगा सुल्क लगाई उठाउन सक्ने व्यवस्था तोकेको हुँदा यस शिर्षकबाट राजस्व उठने सम्भावना देखिन्छ ।

ङ) सिफारिश तथा प्रमाणित दस्तुर

"सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" ले गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट सङ्कलनगरी आएको छ । राजश्व परामर्श समितिले सिफारिश तथा प्रमाणितको दर निर्धारण गरेको छ जसले गर्दा यस शिर्षकमा राजश्व उठ्ने सम्भावन रहेको छ ।

<u>हालको अवस्थाः</u>

गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरूवाट यसवाट गत आर्थिक वर्ष रु. ३१२४७० उठेको ठियो भने यस आ.व.को बैशाख मसान्त सम्ममा ३००००० उठेको देखिन्छ । आउने वर्षमा रु ३१०००० उठ्ने अनुमान गरेको देखिन्छ ।

<u>सम्भावनाः</u>

गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरूवाट यसवाट आगामी आर्थिक वर्ष रु. **३१००००** संकलन हुने अनुमान गरिएको छ भने देहायको रकम सम्भाव्यता विश्लेषण गर्दा उठ्न सकिने देखिन्छ सकिन्छ ।

तालिका न. ११ : सिफारिस तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण

प्रमाणित तथा दस्तुरका प्रकारहरु	अनुमानित संख्या(वार्षिक)	औसतदर	सम्भाव्य रकम (रु) (वार्षिक(
निवेदन तथा सिफारीस दस्तुर	१०००	२००	२०००००
व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर	१०००	५०	५००००
प्रमाणित दस्तुर	५००	१५०	७५०००
अन्य दस्तुर	५००	१००	५००००
न्यायिक दण्ड जरिवाना र जफत	१००	२५०	२५०००
कुल			**४०००००

ङ) पर्यटन स्थल प्रवेश शुल्क

वर्तमान अवस्थामा गाउँपालिकाले पर्यटन स्थल प्रवेश शुल्क निर्धारण गरेको छैन ।

सम्भावनाः

पहाडी तथा दुर्गम क्षेत्रमा मा अवस्थित यस गाउँपालिकामा पर्यटन स्थल प्रवेश शुल्कको सम्भावना न्यून देखिएको छ।

च) बिक्रीबाट प्राप्त रकम (स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)

"सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" ले गाउँपालिका मा प्राकृतिक श्रोतको विक्री (स्लेट , ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु) बाट उठाउने रकमको उल्लेख गरेको पाइदैन ।

सम्भावना:

गाउँपालिका भित्र रहेका खोलानदी , तथा खानीहरु बाट निस्कने स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्रीको लागि तत्काल वातावरणीय प्रवाब मुल्यांकन गरि राजश्वको श्रोत बृद्दि गर्न सक्ने सम्भावना देखिन्छ ।

सुधारका पक्षहरूः

- कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७ परिमार्जन गर्ने ।
- वातावरणीय प्रवाब मुल्यांकन गर्ने ।

- बिक्रीको दर निर्धारण गर्ने ।

छ.अन्य सेवा शुल्क तथा दस्तुर

राजश्व परामर्श समितिको अन्य विभिन्न शिर्षकमा सेवा शुल्क तथा दस्तुर उठाउन सक्ने व्यावस्थामा गाउँपालिकाले आफ्नो जे.सी.वि , गाउँ पालिकाको हल , साधारण सभा, मेला, समेलन , प्रवर्धनात्मक कार्यक्रम , परिक्षा दस्तुर , ल्याब सेवा शुल्क , अतिथि गृह संचालन शुल्क तथा मेसिन सूचीकरण लगायत एम्बुलेन्स सेवा शुल्क उपलब्ध गराए वापत कार्यविधिले तोके अनुसारको शुल्क लिने गरेको छ ।

<u>हालको अवस्थाः</u>

गाउँपालिकाले जे.सी.वि , गाउँ पालिकाको हल , साधारण सभा, मेला, समेलन , प्रवर्धनात्मक कार्यक्रम , परिक्षा दस्तुर , ल्याब सेवा शुल्क , अतिथि गृह संचालन शुल्क तथा मेसिन सूचीकरण लगायत एम्बुलेन्स सेवा शुल्क उपलब्ध गराए वापत राजश्व संकलन गर्दै आइरहेको छ ।

तालिका न.१२ : हालको अन्य गैर करको अवस्था विश्लेषण

विवरण	गत आ.व को यथार्थ रकम	चालु आ.व. बैशाख मसान्त	आगामी आ.व. को अनुमान
जे.सी.वि शुल्क	०	२४७५०	५००००
परिक्षा दस्तुर	४२००	२१८००	२००००
ल्याब सेवा शुल्क	०	०	५०००
मेसिन सूचीकरण	०	२५०००	२५०००
एम्बुलेन्स सेवा शुल्क	०	१७२१००	६०००००
अतिथि गृह संचालन दस्तुर	०	०	५८६०
कुल		**२४३६५०**	**७०५८६०**

<u>सम्भावना</u>:

यसरी **Home stay** लगायत अतिथि गृह व्यवस्थापन गर्न सकेमा, एम्बुलेन्स सेवा थप तथा व्यवस्थापन गर्दै लगेमा आगामी आर्थिक वर्षमा पालिकाले यस शिर्षक बाट रु ७०५८६० संकलन गर्ने अनुमान गरिएको छ ।

परिच्छेद - ४

आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना

स्थानीय सरकार संचालन ऐन, २०७४ ले राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामार्श प्रदान गर्न स्थानीय स्तरमा सात सदस्य राजस्व परामर्श समितिको परिकल्पना गरेको अनुरुप यस गाउँपालिकामा ७ सदस्य परामर्शसमिति गठन भएको छ । सिदिङ्वा गाउँपालिकाको राजस्व परामर्श मितिको संस्थागत संरचना देहाए बमोजिम रहेको छ ।

तालिका नं. १३: राजस्व परामर्श समिति

क्रसं	नाम	पद	जिम्मेवारी
१	श्री कृष्ण कुमारी कडरीया	उपाध्यक्ष	संयोजक
२	श्री रुद्र प्रसाद वेघा (लिम्बु)		सदस्य
३	श्री पूर्ण कुमार ताम्लिङ		सदस्य
४	श्री रेणु लिम्बु		सदस्य
५	श्री टइन्द्र चापागाई		सदस्य
६	श्री बिदुर गुरुङ		सदस्य
७	श्री तोयानाथ रिमाल		सदस्य सचिव

४.२ आय संकलनको संस्थागत व्यवस्था

संगठन संरचनामा यस गाँउपालिकाले राजस्व तथा आर्थिक प्रशासन शाखा अन्तर्गत् रहने गरी राजस्व परिचालन उपशाखा गठन गरे तापनि व्यवहारमा उपशाखाको रुपमा कार्यरत देखिदैन ।

स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाँउपालिकाको राजस्व संकलनको अवस्था देहायअनुसार रहेको छ:

- गाँउपालिकामा राजस्व परामर्श समितिले आवश्यकता अनुसार बैठक गर्ने, करका दर, दायरा सम्बन्धमा शीर्षकगत छलफल गरी स्वीकृतिका लागि गाँउ सभामा पेश गर्ने गरेको छ ।
- राजस्व तथा आर्थिक प्रशासन शाखामा राजस्व हेर्ने कर्मचारीको सरुवा भई गएको र नयाँ कर्मचारी कोहि पनि नआएकोले राजस्व शाखा खाली रहेको छ ।
- राजस्व उपशाखा तथा उक्त उपशाखाका कर्मचारीले गर्नुपर्ने कामहरुको कार्यविवरण नरहेको ।
- राजस्व संकलनका लागि सबै वडाहरुमा हातले लेखि कागजी बिल काट्ने गरिएको छ ।

४.३ विगतको आय परिचालनको अवस्था

गाउँपालिकाको आ.व. २०७७ /०७८ र २०७८/०७९ को यथार्थ आयको अध्ययन गरी तथ्यांक निम्न तालिकामा प्रस्तुत गरिएको छ । यी दुई वर्षको आय अध्ययन गर्दा आ.व. २०७७/०७८ मा आन्तरिक आय अन्तर्गत अन्य शुल्क र बाह्य आय अन्तर्गत अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान बापत प्राप्त रकम नै गाउँपालिकाको मुख्य आय स्रोत भएको देखिन्छ । आ.व. २०७७/०७८ मा आन्तरिक स्रोत अन्तर्गत अन्य शुल्क, सेवा शुल्क एकीकृत सम्पति कर लगायत अन्य प्रशासनिक शुल्क र बाह्य स्रोत अन्तर्गत अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानबापत संघीय सरकारबाट प्राप्त रकम गाउँपालिकाको मुख्य आयका रुपमा रहेको देखिन्छ । उपरोक्त तथ्यांकबाट गत दुई आ.व.मा गाउँपालिकाले नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अख्तियारी प्रदान गरे बमोजिम आन्तरिक आय संकलन गर्न सकेको देखिँदैन ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ द्वारा स्थानीय तहलाई अख्तियारी प्रदान भएका सम्पत्ति कर, व्यवसाय कर, बहाल बिटौरी कर, मनोरञ्जन कर तथा अन्य कर तथा गैरकरको कार्यान्वयनका सन्दर्भमा आर्थिक ऐन नभए पनि राजश्व परामर्श समितिले करको दर मात्र तोकिएको तर संकलनका लागि काम हुन नसकेको परिवेश रहेको छ ।

अर्कोतिर राजस्व असुल हुने क्षेत्रम ढुंगा, गिट्टी, बालुवा, खानीजन्य क्षेत्रम दर निर्धारण गर्न सकेको छैन भने राजश्व परामर्श समितिले निर्धारण गरेको घरबहाल कर समेत तथ्यांकको अभाबमा उठाउन नसकेको देखिन्छ ।

तालिका नं. १४: गाउँपालिकाको आन्तरिक आय संरचना

आन्तरिक आयको श्रोत	२०७७/०७८ यथार्थ रकम	२०७८/०७९ (बैशाख मसान्त सम्मको यथार्थ)	२०७८/०७९ को अनुमानित
एकीकृत सम्पति कर (घरधुरी कर)	०	६११८३	७००००
भूमि कर (मालपोत)	३५०५५५	४९५०१२	५०००००
घर जग्गा वहाल कर	०	०	०
व्यावसाय दर्ता दस्तुर	०	३८५००	४००००

व्यावसाय नवीकरण दस्तुर	०	२८८००	३००००
सिफारिस दस्तुर	३१२४७०	३०००००	३१००००
कृषि समुह र पशु फार्म दर्ता र नवीकरण दस्तुर	०	१०५००	१५०००
परिक्षा दस्तुर	४२००	२१८००	२००००
जे सी वि सेवा शुल्क	०	२४७५०	५००००
वन उत्पादन जडीबुटी,कवाडी र जीवजन्तु (निकासी कर)	०	०	४३००००
ठेक्का शुल्क	६००००	२८५०००	३५००००
मेसिन सूचीकरण दस्तुर	०	२५०००	२०००००
घरजग्गा रजिस्ट्रेशन दस्तुर	०	२४३०२६	२५००००
उ. स दर्ता दस्तुर	०	१३२३००	२०००००
एम्बुलेन्स सेवा शुल्क	०	१७२१००	६०००००
ल्याब सेवा शुल्क	०	०	५००००
अतिथि गृह संचालन शुल्क	०	०	५८६८०
बेरुजु	०	११४७५	१००००
जम्मा	**७२७२२५**	**१८४९४४६**	**३००८६८०**

श्रोत : राजश्व परामर्श समितिको प्रतिवेदन २०७८,बैशाख मसान्त सम्म

यस गाउँपालिकाको आ.व. २०७८/०७९ मा आन्तरिक आम्दानी तर्फ कुल रु. ३०,००,००० राजश्वउठ्ने अनुमान गरिएकोमा २०७९ जेष्ठ मसान्त सम्ममा २४,०५,२७४.५१ मात्र अन्तरिक राजश्व संकलन गर्न सफल भएको तर १९.८३ प्रतिशत कम देखिन्छ |

तालिका नं. १५: गाउँपालिकाको विगतको कूल आय संरचना

आय स्रोत राजश्व तर्फको	२०७६/०७७	२०७७ /०७८	२०७८ /०७९ (जेष्ठ मसान्त)
आन्तरिक आय (रु.)	९१०३५३	१६०६४२०	२४०५२७४.५१
राजश्वबाँडफाँड (रु.)	३७५१६८४२.५	३८४५४०००	४८७६४९७९
जम्मा	**३८४२७१९६**	**४००६०४२०**	**५११७९२५३**



गाउँपालिकाको समग्र आय संरचना हेर्दा विगत आ.व.मा गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा कुल आयमा न्यून प्रतिशत मात्र रहेको छ । साविक स्थानीय निकायहरूले परम्परागतरुपमा संकलन गरिआएको मालपोत तथा सिफारिश, दस्तुर बाहेक स्थानीय शासन सञ्चालन ऐनले अख्तियारी प्रदान गरेका कर,गैरकरहरू संकलन गर्न नसक्दा गाउँपालिकाको आन्तरिक आयको हिस्सा कुल आयमा नगण्य हुन पुगेको देखिन्छ ।

४.४ राजस्व परिचालनमा रहेका सवालहरू

क. आन्तरिक आय परिचालन सम्बन्धी नीतिगत र कानूनी व्यबस्था

गाउँपालिकामा हालसम्म अत्यन्त न्यून जनशक्तिका कारणले राजस्व प्रशासन प्रभावकारी हुन सकेको थिएन । गाउँपालिकामा कर्मचारीहरूको व्यवस्थापन नभएकाले राजस्व प्रशासनलाई प्रभावकारी बनाउन सकेको देखिदैन गरिसकेको छ । जनशक्ति व्यवस्थापन, राजस्व शाखाको संस्थागत विकास, राजस्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोतको लगत अद्यावधिकरण, करदाताहरूको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरूको पहिचान आदि कार्यहरू हुन्। यसैगरी यहाँ राजस्वको महत्वपूर्ण स्रोत कृषि ,घरेलु उधोग, वन, लगायतका क्षेत्रलाई प्रथामिकत दिइएको हुनाने त्यस क्षेत्रको क्षमता विकास, विस्तार र प्रवर्द्धन गर्नुपर्ने योजना रहेकोछ ।

वडाबाट प्रभावकारी सेवा प्रवाह र राजस्व संकलन कार्य संचालन गर्नुका साथै वडा कार्यालय भन्दा टाढाका वस्तीहरूमा नियमित रूपमा घुम्ति शिविर सञ्चालन गर्नुपर्ने हुन्छ ।गाउँपालिका तथा वडा कार्यालयका राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरूलाई आयका शीर्षक, प्रविधिको प्रयोगमार्फत राजस्वका विविध पक्षहरूको अभिलेखीकरण लगायतका विषयमा अभिमुखीकरण आवश्यक हुन्छ। राजस्व परामर्श समितिको भूमिकालाई अझ सशक्तीकरण गरी राजस्व अनुगमन तथा लक्ष्य प्राप्तिका लागि जिम्मेवारी निर्धारण, आवश्यक निर्देशन एवं निर्णय गर्न जरुरी देखिन्छ।

ख. संगठन संरचना र जनशक्ति व्यबस्थापन

गाउँपालिकामा राजस्व शाखा भएता पनि राजस्व हेर्ने कर्मचारीको अभाव देखिएको छ हलमा राजस्व हेर्ने कर्मचारी सरुवा भएर जानुभएको र नयाँ कर्मचारी आई नसकेको कारण राजस्व शाखा को जिम्मेवारी तोकिएको छैन भने कर्मचारीलाई तत्काल क्षमता विकास तालिमको आवश्यका देखिन्छ ।

ग. सूचना तथा तथ्यांक प्रणाली र सूचना प्रविधि

गाउँपालिकामा सम्पत्ति कर, भूमि कर(मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउने करदाताको संख्या के कति छ भन्ने वास्तविक तथ्यांक छैन । एकातिर बिलिङ पद्धतिलाई पूर्णरुपमा कम्प्युटरमा आधारित बनाउनुपर्ने देखिन्छ भने अर्कातिर सबै करदाताको लगत संकलन गर्नुपर्ने आवश्यकता रहेको छ ।पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भए मात्र कुन शीर्षकमा कर तिर्ने कति करदाता छन् भन्ने यकीनका साथ तुरुन्त भन्न सकिने स्थिति रहन्छ र करदाताको लगत संकलन पश्चात करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा पनि आँकलन गर्न सकिन्छ ।

घ. समन्वय संयन्त्रको प्रभावकारिता

राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वयको खाँचो देखिन्छ । त्यसैगरी रोयल्टी लगायतका राजस्व बाँडफाँड सम्बन्धमा नेपाल सरकारसँग, सवारी साधन कर तथा घरजग्गा रष्ट्रिशन दस्तुरको बाँडफँटका लागि प्रदेश सरकारसँग र विगत बर्षहरुको राजस्व बाँडफाँटका लागि जिल्ला समन्वय समितिसँग पर्याप्त समन्वय

कायम नहुँदा ती निकायबाट गाँउपालिकामा प्राप्त हुने स्रोत नियमित रुपमा प्राप्त हुन सकेको देखिदैन ।

ङ. आन्तरिक नियन्त्रण र जवाफदेहिता

आय संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन्।

परिच्छेद - ५

राजश्व सुधार कार्ययोजना

५.१ राजस्व सुधार कार्ययोजना

गाउँपालिकाको राजस्व परिचालनमा के कस्ता समस्या छन् र सुधारका लागि के कस्ता कृयाकलाहरु सञ्चालन गर्न आवश्यक छ भन्ने विषयमा निर्वाचित जनप्रतिनिधि र सो कार्यमा संलग्न जनशक्ति नै सबैभन्दा बढी जानकार हुन सक्दछन् । त्यसबाहेक यसका सरोकारवालाहरुको भोगाई पनि आफैमा महत्वपूर्ण मानिन्छ । यस कार्यका लागि बाह्य परामर्शदाताको भूमीका उनीहरुलाई समस्या पहिचान गरी समाधानका सही उपाय पहिल्याउने कुरामा सहजीकरण गर्ने सम्मको हुन्छ । तसर्थ यो कार्ययोजना तर्जुमा गर्दा पनि यसै अवधारणा अनुरुप सहभागितामूलक कार्यशालाको आयोजना गरिएको थियो । कार्यशालाका सहभागीहरूलाई चार वटा समूहमा विभाजन गरी गरिएको समूह कार्य र त्यसउपर प्लेनरीमा भएको छलफलका आधारमा तय भएका विषयबस्तुलाई परामर्शदाताद्वारा संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी राजस्व सुधार कार्ययोजनातयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न तीन क्षेत्रमा विभाजन गरिएको छः

क. कर राजस्व सुधार योजना

ख. गैरकर राजस्व सुधार योजना

ग. राजस्व प्रशासन सुधार योजना

<u>क. कर राजस्व सुधार योजना</u>

तालिका न.१६ : कर राजस्व सूधार कार्ययोजना

क्रसं.	कर राजश्वको शिर्षक	सुधारकालागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
१	भूमीकर (मालपोत)	• मालपोत कार्यालयबाट जग्गाको अभिलेखप्राप्त गर्न • वडागत रुपमा सम्पूर्ण जग्गाको अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने • जग्गाको पुनवर्गीकरण गरी मूल्यांकनलाई वैज्ञानिक बनाउने	आ.ब. २०७९/०८० देखि निरन्तर	राजस्व शाखा

२	सम्पत्तिकर	• सम्भाव्य सम्पत्ति करदाता सबैको विवरण संकलन गरी अद्यावधिक गर्ने • सम्पत्ति कर सम्बन्धी फाराम अनलाइन प्रविधिबाट भर्ने व्यवस्था गर्ने • सम्पत्ति कर सम्बन्धी जनचेतना शिविर सञ्चालन गर्ने	आ.ब. २०७९/०८० देखि निरन्तर	सूचना प्राबिधिक शाखा
३	सवारी कर	• दर्ता तथा नविकरण कार्यविधि बनाउने • भाडा निर्धारण गर्ने • नम्बर कायम गर्ने	आ.ब. २०७९/०८० देखि निरन्तर	कार्यपालिका
४	घरजग्गा बहाल कर	• घर बहाल कारलाई प्रगतिशील प्रणालीमा निर्धारण गर्ने • घर नम्बर लागु गर्ने	आ.ब. २०७९/०८० देखि निरन्तर	सूचना प्रविधि शाखा ,आर्थिक प्रशासन शाखा र वडा कार्यालयहरु
५	व्यवसायकर	• नयाँ दर्ता तथा नवीकरणका लागि शिविर सञ्चालन गर्ने • सम्भाव्य व्यवसाय करदाता सबैको विवरणसंकलन गरी नियमित अद्यावधिक गर्ने • अनलाइन प्रविधिबाट व्यवसाय दर्ता अभिलेख राख्ने	आ.ब. २०७९/०८० देखि निरन्तर	आर्थिक विकास शाखा र सूचना प्रविधि शाखा
६	जडीवुटी, कवाडी र जीवजन्तु कर	• ठेक्का प्रणाली लागु गर्ने • संकलन केन्द्रको स्थापना गर्ने	आ.ब. २०७९/०८० देखि निरन्तर	आर्थिक प्रशासन शाखा
७	विज्ञापन कर	• कार्यविधि निर्माण गर्ने • सम्भाव्यता अध्यायन गर्ने • अनुगमन प्रभावकारी बनाउने	आ.ब. २०७९/०८० देखि निरन्तर	गाउँ कार्यपालिका र राजस्व परामर्श समिति
८	घर जग्गा रजिष्ट्रेसन शुल्क	• कार्यविधि निर्माण गर्ने • घर जग्गाको पुनवर्गीकरण गरी मूल्यांकनलाई वैज्ञानिक बनाउने	आ.ब. २०७९/०८० देखि निरन्तर	गाउँ कार्यपालिका र राजस्व परामर्श समिति
९	मनोरन्जन कर	• सम्भाव्यता अध्यायन गर्ने		आर्थिक प्रशासन शाखा

ख. गैरकर राजस्व सुधार योजना

गैरकर राजस्वको क्षेत्रमा आवश्यक सुधारका लागि निम्नानुसारका कृयाकलापहरु प्रस्ताव गरिएको छः

तालिका न.१७ : गैरकर राजस्व सूधार कार्ययोजना

क्रसं.	गैरकरराजस्व का शिर्षक	सुधारकालागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
१	ढुंगा, गिट्टी, बालुवा, जराजुरी, आदि प्राकृतिक वस्तुको बिक्री	• सम्भाव्य क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने, • प्रारम्भिक वातावरणीय परीक्षणका अतिरिक्त आवश्यक भए वातावरणीय प्रभाव मूल्यांकन समेत गर्ने, • बिक्रीको दर निर्धारण गर्ने, • वार्षिक ठेक्का लगाउने, • आर्थिक ऐन बिपरित जाने ठेकेदारलाई कारवाही गर्ने	२०७९ असार मसान्त सम्म	वातवरण एवम राजस्व शाखा
२	वन पैदावर	• सामुदायिक वन तथा वनपैदावार बिक्रीसम्बन्धी तथ्यांक संकलन र नियमित अद्यावधिक गर्ने, • सामुदायिक वनको वन पैदावार बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित शीर्षकमा दाखिला गरी गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्ने	२०७९/०८० देखि	कार्य पालिका तथा राजस्व शाखा
३	नक्सा पास दस्तुर	• भवन निर्माण आचार संहिता तयार पार्ने • "सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" संशोधन गर्ने	२०७९/०८० देखि	गाँउ कार्यपालिका
४	बहाल विटौरी शुल्क	• प्रतिजग्गाको लगत संकलन गर्ने, • प्रतिजग्गामा बनेका घर टहराहरुबाट बहाल बिटौरी शुल्क असुल गर्ने	२०७९/०८० देखि	सम्बन्धित वडा कार्यालय
५	पार्किंग शुल्क	• पार्किङका लागि उपयुक्त सार्वजनिक जग्गा पहिचान गर्ने, • प्राथमिकताका आधारमा पार्किङ स्थलहरुको डिजाइन र निर्माण गर्दै जाने, • निर्माणमा भएका पार्किङ स्थलमा पार्किङ, • शुल्क असुली विधि तय गर्ने र तय भएको विधिअनुसार पार्किङ शुल्क असुली गर्ने	२०७९/०८० देखि	गाउँ कार्यपालिका
६	फोहरमैला व्यवस्थापन	• निजि सार्वजनिक मोडेलमा कार्यविधि निर्माण गर्ने	२०७९/०८० देखि	गाउँ कार्यपालिका
७	सेवाशुल्क तथा सिफारिश प्रमाणित दस्तुर	• सेवा शुल्क लिन सकिने क्षेत्रहरु (अतिथिगृह, सभाहल, औद्योगिक क्षेत्र, बसपार्क,हाटबजार तथा सार्वजनिक जग्गाको लिज, कृषि उपज संकलन केन्द्र, कोल्ड स्टोर) आदिको पहिचान गर्ने,	२०७९/०८० देखि	योजना शाखा , राजस्व परामर्श समिति र गाउँ कार्यपालिका

		• पहिचान भएका आयोजना मध्ये स्वलगानीमा सञ्चालन गर्ने आयोजनाहरुको संभाव्यता अध्ययन गर्ने, • सार्वजनिक निजी साझेदारीमा सम्पन्न गर्न सकिने आयोजना छनौट गरी कार्यान्वयन प्रकृया अघि बढाउने, • गाउँपालिकाले उपलब्ध गराउने सेवा शुल्ककोदरमा समसामयिक परिमार्जन गर्ने		
८	व्यक्तिगत घटना दर्ता शुल्क	• समयमा व्यतिगत घटना दर्ता गर्नका लागि जागरण अभियान संचालन गन्ने, • समयमा व्यतिगत घटना दर्ता नगरेमा उच्च शुल्क लिने कर्यविधी निर्माण गर्ने	२०७९/०८० देखि	गाउँकार्यपालिका
९	व्यवसाय दर्ता, अनुमति तथा नविकरण दस्तुर	• लगानीका आधारमा व्यबसाय दर्ता तथा नवीकरण शुल्क निर्धारण गर्ने, • उद्ध्योगहरुलाई साना, मझौला तथा ठुला गरि विभाजन गर्ने	२०७९/०८० देखि	राजस्व परामर्श समिति , गाउँकार्यपालिका
१०	पर्यटन शुल्क	• पालिका भित्रका पर्यटकीय क्षेत्र पहिचान गर्ने • पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको संचालन, संभार खर्चको आधारमा पर्यटन शुल्क निर्धारण गर्ने	२०७९/०८० देखि	राजस्व परामर्श समिति , गाउँकार्यपालिका

ग. राजश्व प्रशासन सुधार योजना

समग्र राजश्व परिचालनलाई प्रभावकारी बनाउन राजस्व प्रशासनको क्षेत्रमा गरिनु पर्ने सुधारका लागि देहाय बमोजिमका कृयाकलापहरु प्रस्ताव गरिएको छः

तालिका १८ : राजश्व प्रशासन सुधार कार्ययोजना

क्र.सं.	राजश्व प्रशासन सुधारका लागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
कानुनी तथा नीतिगत व्यवस्था	• "सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" पुनरावलोकन गरी परिमार्जन गर्ने हालको राजस्व अधिकारका सम्भाव्य शिर्षकहरु अनुसार शिर्षक हेरफेर गर्ने व्यवहारिक नदेखिएका, लागु नहुने तथा संघीय कानुनसँग बाझिने प्रावधानहरुलाई हटाउने । • राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने ।	आ.ब.२०७९ साउन देखि निरन्तर	राजश्व शाखा, राजस्व परामर्श समिति

	• व्यवसाय कर सम्बन्धि कार्यबिधि तयार गरि पूर्ण रुपमा लागु गर्ने • प्रगतिशील करको दर, मूल्य र महत्वको आाधारमा करको निर्धारण, समयानुकूल करको दरमा परिमार्जन गन		
सांगठनिक स्वरुप	• राजश्व सम्बन्धी कामको चाप र आवश्यकता अनुसार वडा कार्यालय देखि नगर कार्यपालिकाको कार्यालयमा कर्मचारी दरबन्दी थप गर्ने	आ.ब.२०७९ असार सम्म	प्रमुख प्रशासकीय अधिकृत
भौतिक पूर्वाधार तथा संरचना	सेवाग्राहीमैत्री भौतिक संरचना तयारी: • खानेपानी, शौचालय, प्रतिक्षालय, चमेनागृहको व्यवस्था गर्ने, • पहिले आउनेलाई पहिलो सेवा दिने • टेण्डर, विज्ञापन लगायतका सूचनाहरु छापा तथा विद्युतीय लगायतका प्रभावकारी तथा सान्दर्भिक माध्यमबाट प्रसार गर्ने	आ.ब.२०७९ असार सम्मतोकिएको , मितिमा	गाँउकार्यपालिका
पारदर्शिता तथा जवाफदेहिता	• नागरिक वडापत्रको व्यवस्था गर्ने • मोबाइल एपको व्यवस्था निर्माण गर्ने • हरेक वर्ष समयानुकूल करमा अद्यावधिकरण	२०७९ असोज मसान्त सम्म	सूचना प्रविधि शाखा र राजस्व शाखा
करदाताको पहिचान	• वर्गीकृत करदाता तथ्यांक संकलन • कर छुट नहुने सेवाको वर्गीकरण • प्रत्येक परिवारको सम्पत्ति/आम्दानीको लगत संकलन	२०७९ असोज मसान्त सम्म	आर्थिक प्रशासन शाखाराजस्व , शाखा , वडा कार्यालय
राजस्व सुधार कार्ययोजना कार्यान्वयन	• कर करदातालाई कर तिर्नेबारेको जानकारी एसएमएस लगायतका प्रभावकारी माध्यमबाट गराउने • कर नीतिमा दण्डात्मक र उत्प्रेरणामूलक दुवै सिद्धान्तको सन्तुलित प्रयोग गर्ने । जस्तै, ढिलो कर तिर्नेलाई विलम्ब शुल्क लगायत दण्डको व्यवस्था र नियमित तथा बढी कर तिर्ने करदातालाई पुरस्कारको व्यवस्था गर्ने • कर उठाउने टोली खटाई व्यवसाय दर्ता, नवीकरण गर्ने • विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक प्रचार प्रसार गर्ने ।	२०७९ असार मसान्त	राजस्व परामर्श समिति

करदाताको अभिलेख	• विद्युतीय प्रविधिको प्रयोगबाट सबै प्रकारका करदाताको अभिलेख राख्ने र अद्यावधिक गर्दै जाने	नियमित तथा वार्षिक	राजस्व शाखा, वडा कार्यालयहरु
अनुगमन मूल्यांकन	• सम्बन्धित शाखा समितिले वडादेखि गाउँपालिकाको सबै शाखा तथा सम्पूर्ण सरोकारवाला निकायमा स्थलगत निरीक्षण गर्ने, • करको महत्व बुझाउने, सुझाव संकलन गर्ने	हरेक आ को.व. अन्तिम चौमासिक	राजस्व अनुगमन समिति
आन्तरिक लेखा परीक्षण	• चालु आ.व.मा भए गरेका कर असुलीको आन्तरिक एवम् अन्तिम लेखा परीक्षण गर्ने • आर्थिक प्रतिवेदन तयार गर्ने	आगामी आ को प्रथम.व. चौमासिक	राजस्व शाखा आ.प.ले. शाखा

परिच्छेद - ६

आगामी तीन वर्षको आय प्रक्षेपण

६.१ राजस्व प्रक्षेपणका आधारहरु

प्रत्येक शिर्षकको आय प्रक्षेपण गर्दा देहायका आधारहरु लिइएको छः

तालिका नं. १९ : राजश्व प्रक्षेपणका आधारहरू

राजस्वसंकेत	राजस्व शिर्षक	कुल सम्भाव्यता (आ.व. २०७९/०८० को)	आय प्रक्षेपणका आधारहरू
११३१३	सम्पतिकर (घरधुरी कर)	७०७०००	"सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" सम्पतिक करको बापत घरधुरी कर लगाइ उठेकोमा अघिल्लो अनुमनित्मा १० प्रतिशतका दरले वृद्धि गर्दा ।
११३१४	भूमीकर (मालपोत)	५५००००	"सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७" अनुसार घरजग्गा बाहेकको जग्गामा भूमिकर को व्यवस्था गरेकोले
११३२१	घर बहाल कर		कुल सम्भाव्यताको पहिलो वर्ष ७० प्रतिशत संकलन हुने र त्यस पश्चात क्रमशः वार्षिक २० प्रतिशतका दरले वृद्धिहुने ।
११३२२	बहालबिटौरी शुल्क	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४४११	बाँडफाँडभई प्राप्त हुने मु.अ.कर	०	बाँडफाँडभई प्राप्त हुने मु.अ.कर बार्षिक १० प्रतिशत ले वृद्धि हुने ।
१४४२१	बाँडफाँडभई प्राप्त हुने अन्तःशुल्क	०	बाँडफाँडभई प्राप्त हुने अन्तः शुल्क बार्षिक १० प्रतिशत ले वृद्धि हुने ।
११४७२	विज्ञापनकर	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
११४७३	मनोरञ्जनकर	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
११६१३	व्यवसायरजिष्ट्रेशन दस्तुर/घ वर्ग	९३५००	गत वर्षको अनुमनितमा १० प्रतिशतले वृद्धिहुने ।
१३३११	समानीकरण अनुदान	१२१८३१६००	चालु आर्थिक बर्षमा संघीय सरकार बाट: १०४८००००० प्रदेश सरकार बाट: ५९५६०००

			त्यसपछीका आर्थिक बर्षहरुमा १० प्रतिशतले वृद्धि हुने अनुमान ।
१३३१२	सशर्तअनुदान	२२१७८३१०००	चालु आर्थिक बर्षमा संघीय सरकार बाट: २०१०४८००० प्रदेश सरकार बाट: ५७३००० त्यसपछीका आर्थिक बर्षहरुमा १० प्रतिशतले वृद्धि हुने अनुमान ।
१३३१४	समपुरकअनुदान	२४७५००००	चालु आर्थिक बर्षमा संघीय सरकार बाट १२५००००० प्रदेश सरकार बाट १००००००० त्यसपछीका आर्थिक बर्षहरुमा १० प्रतिशतले वृद्धि हुने अनुमान ।
१३३१५	विषेशअनुदान	१३२०००००	चालु आर्थिक बर्षमा संघीय सरकार बाट १२०००००० प्रदेश सरकार बाट ० त्यसपछीका आर्थिक बर्षहरुमा १० प्रतिशतले वृद्धि हुने अनुमान ।
१४१७१	वन रोयल्टी	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४१७२	खानीरोयल्टी	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४१७३	जलस्रोतरोयल्टी	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४१७४	पर्वतारोहणरोयल्टी	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४१७५	पदयात्रारोयल्टी	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४१७६	पर्यटनरोयल्टी	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४१७७	घरजग्गारजिष्ट्रेशन शुल्क	२७५०००	अघिलो अनुमनितमा १० प्रतिशतले वृद्धि गर्दा
१४१७८	सवारी साधनकर	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४१७९	अन्यबाँडफाँड हुने राजस्व	६९४५५१००	चालु आर्थिक बर्षमा संघीय सरकार बाट ६०४३०००० प्रदेश सरकार बाट २७११०००

			त्यसपछीका आर्थिक बर्षहरुमा १० प्रतिशतले वृद्धि हुने अनुमान ।
१४१५१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय	६८२५००	अघिल्लो आ.व को अनुमानित ६५०००० रहेको , पालिकाको अम्बुलेंस , डोजर तथा ट्रीपर भाडा वापतको रकम भौतिक पूर्वाधार को निर्माण भैरहेकोले आगामी आ.ब.मा ५ प्रतिशतले राजस्व वृद्धि हुने अनुमान गरिएको छ ।
१४२१३	(ढुंगा, गिट्टी, बालुवा	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४२१९	अन्य सेवाशुल्क(फोहोरमैला व्यबस्थापन)	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४२४१	पार्किङशुल्क	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४२४२	नक्सापासदस्तुर	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४२४३	सिफारिशदस्तुर	३४१०००	चालू आ का लागि रु.व.३१०००० हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० प्रतिशतका दरले वृद्धिहुने हुने ।
१४२४९	अन्य दस्तुर	३०६५४८	चालू आ का लागि रु.व.२२ हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० प्रतिशतका दरले वृद्धिहुने हुने । (पारिक्षा , उ. स दस्तुर, मेसिन सुचिकृत, अथितिगृह संचालन दस्तुर लगायत)
१४३११	न्यायिकदण्ड, जरिवाना र जफत	०	प्राप्त भएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४३१२	प्रशासनिकदण्ड, जरिवाना र जफत	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४५२२	साना सवारीकर	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।

१४५२३	जनसहभागिता	०	हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४५२९	अन्यराजस्व (विविध आय)	८५८०००	ठेक्का तथा निकासी यस शिर्षकमा हेर्दा गत आ.व.को अनुमानितमा १० प्रतिशतका दरले वृद्धिहुने हुने
१५१११	बेरुजु	१०००००	चालु आका लागि.व. एकमुष्ठ १ लाख अनुमान गरिएको छ ।

६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

माथि उल्लिखित प्रक्षेपणका आधारमा गाउँपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेतका लागि तोकिएको कोडको प्रयोग गरिएको छ ।

तालिका नं. १९ : चालू आ.व.को अनुमान तथा आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण

राजश्व संकेत	राजश्व शिर्षक	बैशाख मसान्त सम्मको वास्तविक	प्रक्षेपित आय		
		०७८ /०७९	०७९ /०८० प्रस्तावित आय	०८०/०८१ अनुमानित आय	०८१/ ०८२ अनुमानित आय
११३१३	सम्पत्ति कर	**६११८३**	**७०७००**	**७७७७०**	**८५५४७**
११३१४	भूमी कर मालपोत	४९५०१२	५५००००	६०५०००	६६५५००
११३२१	घर बहाल कर	०	०	०	०
११३२२	बहाल विटौरी शुल्क	०	०	०	०
११४७३	मनोरंजन कर	०	०	०	०
११६१३	व्यवसाय रजिष्ट्रेशन दस्तुर	३८५००	४४०००	४८४००	५३२४०
११६३१	कृषि तथा पशुजन्य वस्तुको	१०५००	१५१०९	१५२१८	१६७४०

	ब्यवसायिक कारोवारमा लाग्ने कर				
११६९१	अन्य कर (व्यबसाय नवीकरण कर)	२८८००	३३०००	३६३००	३९९३०
१३३११	वित्तिय समानिकरण अनुदान	-	११०७५६०००	१२१८३१६००	१३४०१४७६०
१३३१२	शसर्त अनुदान		१६६२२३०००	१८२८४५३००	२०११२९८३०
१३३१३	विषेश अनुदान		१२०००००	१३२०००००	१४५२००००
१३३१४	समपुरक अनुदान		२२५०००००	२४७५००००	२७२२५०००
१४१५१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय	१९६८५०	७१५०००	७८६५००	८६५१५०
१४१७०	राजश्व बाँडफाँडबाट प्राप्त आय		६९४५५१००	७६४००६१०	८४०४०६७१
१४१७७	घरजग्गा रजिष्ट्रेशन रोयल्टी	२४३०२६	२७५०००	३०२५००	३३२७५०
१४२१३	अन्य बिक्रिबाट प्राप्त रकम (निकासी कर)	-	४७३०००	५२०३००	५७२३३०
१४२२०	**प्रशासनिक सेवा शुल्क**				
१४२२४	परीक्षा शुल्क	२१८००	२२०००	२४२००	२६६२०

१४२४३	सिफारिश दस्तुर	३०००००	३४१०००	३७५१००	४२१६१०
१४२४९	अन्य दस्तुर (उ. स दर्ता, लगायत)	१३२३००	२२००००	२४२०००	२६६२००
१४५२९	अन्य राजश्व (विविध आय ल्याब सेवा शुल्क र अतिथि गृह संचालन)	०	११९५४८	१३१५०३	१४४६५४
१५१११	बेरुजु	११४७५	११०००	१२१००	१३३१०
१३४१११	संघ प्रदेश तथा दात्री लनकार्बाट समेत प्राप्त अनदुान तथा ऋण समेत	-	११००००	१०००००	१०००००

परिच्छेद - ७

निष्कर्ष तथा सुझाव

७.१ आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण

गाँउपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका क्रममा विभिन्न स्थलगत भ्रमण लगायत अन्य स्रोतहरुबाट तथ्यांक तथा सूचनाहरु संकलन गरिएको थियो । विभिन्न फारमहरुको प्रयोग गरी गाँउपालिकाको कार्यालयबाट तथ्यांक तथा सूचनाहरु संकलन गर्नुका साथ साथै प्रादेशिक सुशासन केन्द्रका कार्यकारी निर्देशक तथा स्थानीय शासन विज्ञको उपस्थितिमा राजस्व संकलन तथा प्रशासनको अवस्थालाई सुधार गर्नका लागि कार्यशाला मार्फत राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको थियो। संकलित तथ्यांक, सूचनाको विश्लेषण तथा राजस्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएको कृयाकलापहरुको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेत लाई ध्यानमा राखि गाँउपालिकाको आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण गरिएको हो।

आगामी तीन आर्थिक वर्षहरुमा हुने आय संरचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ:

तालिका नं. २० : आगामी ३ वर्षको प्रक्षेपित आय

राजश्वशिर्षक	**वास्तविक (बैशाख मसान्त सम्ममा)**	**प्रक्षेपितआय (रु. हजारमा)**		
	०७८ /०७९	**०७९ /०८०**	**०८०/८१**	**०८१/०८२**
आन्तरिक आय	२४०५	३४१२.६८०	३७५३.९४८	४१२९.३४३
संघीय राजश्व बाँडफाँडबाट प्राप्त आय	४७०००	७३२०४	८०५२४.४	८८५७६.८४
प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त आय	१६८५.८५३	२४६१.३४०	२७०७.४७४	२९७८.२२१
अनुदान	१०२४०२.४६५	३१६०२१	३४७६२३.१	३८२३८५४१०
जम्मा	**१५३४९३.३१६**	**३९५०९.९०२**	**४३४६०.८९२२२**	**४७८०६.९८**
कुल आयमा आन्तरिक आयको योगदान%	**१.५६**	**०.०८६**	**०.०८६१**	**०.०८६३**

प्रस्तुत विवरणले गाँउपालिकाको आन्तरिक आय आर्थिक वर्षा ०७८/०७९ मा २४०५ हजार कुल रकमको १.५६ प्रतिशत देखिएको छ । भने आगामी आर्थिक वर्ष २०७९/०८० मा रु. ३४१२.६८ हजार कुल रकमको ०.०८६ प्रतिशत अनुमान गरिएको छ । यो रकम संकलन गर्न पनि गाँउपालिकाले बर्तमान संरचना तथा ब्यवस्थापन प्रणालीमा परिवर्तन गरि निम्न कदम चाल्न जरुरी छ ।

- राजश्व परामर्श समितिको थप क्रियासिल बनाई परिचालन गर्ने ।
- आर्थिक ऐन तथा कार्यविधिलाई वस्तुपरक बनाउने।
- सम्पत्ति कर र मालपोत वा भूमीकर असुली व्यवस्था कानूनसम्मत बनाउने।
- प्राकृतिक तथा नदीजन्य वस्तुको विक्रीको दर व्यवहारिक रुपमा निर्धारण गर्ने ।
- सम्भाव्य बिक्री परिमाण एकिन गरी न्यूनतम ठेक्का अंक निर्धारण गर्ने ।
- वातारणीय प्रभाव मूल्यांकन गरि गिट्टी, बालुवा ढुंगाको मुल्य निर्धारण गर्ने ।
- घरजग्गा बहालकरको दरलाई प्रगतिशिल बनाउने र न्यूनतम बहाल मुल्य तोकी सोही अनुसार असुल गर्ने ।
- राजश्व शाखाको क्षमता विकास गर्ने ।

७.२ निष्कर्ष तथा सुझावहरु

स्थानीय सरकार संचालन ऐन २०७४ को ब्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिलाई बैशाख १० गते भित्र आगामि ३ आर्थिक बर्षको आय अनुमान गर्ने कार्यमा यो राजश्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । हरेक आर्थिक बर्षको बैशाख पहिलो हप्तासम्ममा राजश्व सुधार कार्ययोजना तयार गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निर्णयहरुको लागि यो कार्ययोजना आवश्यक आधार हुनेछ । राजश्व सुधारका नीति, कृयाकलापहरु तथा वजेट अनुमान पश्चात राजश्व सुधार कार्ययोजना अनुसारका कृयाकलापहरु संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भए नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणकोलागि त्यस अवधि सम्मको कृयाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षको लागि तय गरिएका कृयाकलापहरु तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ । यो राजश्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनको लागि निम्न चार तहको अनुगमन तथा मूल्यांकन ब्यवस्था सिफारिश गरिएको छ।

७.३ कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन

१.कार्यालय स्तरको अनुगमनः

कार्यालय स्तरको अनुगमन तथा मूल्यांकनक लागि प्रमुख प्रशासकिय अधिकृत, राजस्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार वनाउनु पर्दछ । स्थानीय सरकारले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउनु प्रभावकारी नतिजा प्राप्त गर्न सकिन्छ।

२.राजश्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः

राजश्व परामर्श समितिले चौमासिक रुपमा राजश्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षकोलागि आयको अनुमान गर्ने कार्यपूर्व भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारकोलागि कृयाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजश्व सुधार योजनाको समिक्षा गरिन्छ ।

३ .कार्यपालिका स्तरीय मूल्यांकन

कार्यपालिकाको बैठकले राजश्व परामर्श समितिवाट प्रस्तुत गरेका प्रतिवेदन तथा सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्नुका साथ साथै छलफलको क्रममा राजश्व सुधार योजना तथा आय असुली अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु पर्ने भएमा निर्णय गरीन्छ ।

४ .वाह्य अनुगमन तथा मूल्यांकनः

राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजिकरण गर्ने चाहने संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, प्रादेशिक सुशासन केन्द्रजिल्ला , समन्वय समिति तथा दातृनिकायहरु आदिले अनुगमनको लागि सहयोग प्रदान गर्न सक्नेछन्। यस्तो अनुगमन प्रणालीले स्थानीय तहको अनुगमन तथा मूल्यांकन क्षमतामा विकास हुनेछ ।

अनुसूचीहरू

अनुसूची १ सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको आर्थिक ऐन, २०७५
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- सिदिङ्वा गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी कानुन २०७७
- सिदिङ्वा गाउँपालिकाको राजश्व परामर्श समितिको विभिन्न समयको बैठक प्रतिवेदन
- सिदिङ्वा गाँउपालिका नीति तथा कार्यक्रम २०७९
- सिदिङ्वा नगर पालिकाको राजस्व अनुगमन प्रतिवेदन, २०७७
- सिदिङ्वा गाँउपालिकाको विभिन्न आर्थिक वर्षहरूको विकास योजना, बजेट तथा कार्यक्रमहरू
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू
- सिदिङ्वा गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

अनुसूची २ :तथ्यांक /सूचना संकलनक लागि फारम तथा सूची

तथ्यांक संकलन सूची

१. गाउँ/नगरपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः

- संक्षिप्त परिचय :
  - नामांकरण,
  - घरधुरी तथा जनसंख्या
  - क्षेत्रफल तथा वडा विभाजन
  - प्रशिद्ध स्थलहरु
- मुख्य पूर्वाधारको अवस्था
  - सडक, बाटो, पुल
  - बिजुली
  - खानेपानी तथा सिंचाई
  - सावर्जनिक भवन तथा पूर्वाधारहरु
  - फोहरमैला व्यवस्थापन (फोहरको परिमाण र व्यवस्थापनको अवस्था)
- आर्थिक अवस्था
  - उद्योग, व्यवसाय तथा कलकारखाना
  - मुख्य व्यापारिक केन्द्रहरु
  - प्राकृतिक तथा पर्यटकिय सम्पदा

..... **गाउँ/नगरपालिकाको संगठन तथा राजश्व प्रशासन :**

- हालको संगठन संरचना

- कर्मचारीहरुको विवरण

क्र. सं.	पद	स्वीकृत दरवंदी	पदपुर्ति	
			स्थायी	करार

- भौतिक सुविधाहरु
  - कार्यालयका भवनहरु

- सवारी साधन
- फर्निचर, कम्प्युटर, प्रिन्टर

- राजश्व शाखा तथा राजश्व प्रशासन

- राजश्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण

क्र.सं.	नाम	पद	जिम्वेवारी

- कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
- फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु
- राजश्व सम्बन्धी डाटा वेस, राजश्व प्रशासनमा सप्फट्वेयर र त्यसको प्रयोग
- कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग

- राजश्व परामर्श समिति

क्र.सं.	नम	पद	जिम्वेवारी

अन्य दस्तावेज तथा सूचनाहरु

- राजश्वसंग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरु
- राजश्व ठेक्का सम्वन्धि विवरण
- गाउँ/नगरपालिकाको बस्तुस्थिति विवरण
- राजश्व परिचालनकालागि भएका प्रभावकारी प्रयासहरु

२. ..... गाउँ/नगरपालिकाको स्वमित्व वा भोगचलनमा रहेका जग्गा

क्र.सं.	जग्गा रहेका स्थान	कि.न.	क्षेत्रफल	हालको उपयोग	भाडा वा बहाल रकम (यदी भएमा)
क	स्वामित्वमा रहेको जग्गा				

ख	भोगचलनमा रहेको जग्गा				

श्रोत :

३. ..... गाउँ/नगरपालिकाको स्वमित्वमा रहेका भवन तथा औजारहरु

क्र.सं.	स्थान	सम्पत्तिको विवरण	हालको उपभोग	भाडा वा बहाल रकम (यदी भएमा)
१.	भ्वन			
२	मेसीन औजार			

श्रोत :

४. करमा आधारित सूचनाहरु

क. सम्पत्ति कर सम्बन्धी विवरण

..... गाउँ/नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : .....

गत आ.व. मा कर तिर्ने करदाता संख्या : ..... संकलित रकम : .....

ख. भवन सम्बन्धी विवरण

क्र.सं.	घरको वर्गीकरण	औसत क्षेत्रफल	अनुमानित संख्या	बहालमा भएको संख्या	औसत बहाल दर
१	व्यापारीक प्रयोजनका लागि निर्मित भवन/घरहरु *(नोटः व्यापारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्यापस आदी)*				
२	औद्योगिक प्रयोजनका भवन/घरहरु				
३	आवासिय भवन/घरहरु				
३.१	*कच्ची घरहरु (कच्चीजोडाई तथा छाना ।)*				
३.२	*अर्ध कच्ची घरहरु (माटोको जोडाई र कंक्रिट वा स्टिलको छाना भएका)*				
३.३	*पिलर सिस्टम नभएको पक्कि घर (Without RCC Frame Structure)*				
३.४	*पिलर सिस्टम भएको पक्कि घर (With RCC Frame Structure)*				
जम्मा					

ग. मालपोत (भुमी कर) सम्बन्धी विवरण

..... गाउँ/नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : .....

गत आ.व. मा कर तिर्ने करदाता संख्या : ..... संकलित रकम : .....

जग्गा सम्बन्धी विवरण

क.सं.	जग्गाको किसिम	अनुमानित क्षेत्रफल	औसत मुल्यांकन दर (मालपोत कार्यालयको आधारमा)	कैफियत
१	शहरी क्षेत्र			
२	आवासिय क्षेत्र			
३	कृषी क्षेत्र			
४	वन तथा अन्य क्षेत्र			
जम्मा				

घ. सवारी साधन सम्बन्धी विवरण

..... गाउँ/नगरपालिकामा दर्ता भएकाजम्मा करदाता संख्या : .....

गत आ.व. मा कर तिर्ने करदाता संख्या : ..... संकलित रकम : .....

क्र.सं.	गाउँ/नगरपालिकामा संचालनमा रहेका सवारी साधन	अनुमानित संख्या	कैफियत
१	अटो रिक्सा, ई रिक्सा		
२	ठेलागाडा, टाँगा, रिक्सा		
जम्मा			

ङ. व्यापार व्यवसाय सम्बन्धी विवरण

..... गाउँ/नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : .....

गत आ.व. ..... मा कर तिर्ने करदाता संख्या : ..... संकलित रकम : .....

क्र.सं.	संचालनमा रहेका व्यापार व्यवसायको विवरण	साना लगानी (संख्या)	मझौला लगानी (संख्या)	ठुला लगानी (संख्या)	कैफियत
१	उद्योग तथा होटल				
२	वित्तिय संस्था (बैक, विकास बैक, सहकारी, विमा आदि)				
३	निजी स्वास्थ्य तथा शैक्षिक संस्थाहरु				
४	व्यापारिक वस्तुको कारोवार (थोक, खुद्रा)				
५	विषेशज्ञ सेवा (डक्टर, वकिल, अडिटर आदि)				
६	सेवा व्यवसाय (मर्मत, हजाम, चिया, मिठाई, रेस्टुरेन्ट, निर्माण, ढुवानी आदि)				
७	अन्य व्यवसायहरु				

च. प्राकृतिक स्रोतजन्य वस्तु विकी (निजी तथा सार्वजनिक दुबै)

क्र.सं.	उत्पादन/उत्खनन स्थल	बस्तुहरु	कुल उत्खनन योग्य परिणाम	विकी मुल्य
१		ढुङ्गा		

		गिट्टी		
		स्लेट		
		बालुवा		
		दहत्तर वह्त्तर		
		अन्य		
२		ढुङ्गा		
		गिट्टी		
		स्लेट		
		बालुवा		
		दहत्तर वह्त्तर		
		अन्य		

छ. जडिबुटी, कवाडी र जिवजन्तुको व्यवसायिक उपयोग

क.सं.	बस्तुहरु	इकाई	कुल संकलन र व्यवसायिक उपयोग (परिमाण)	अनुमानित मुल्य
क.	जडिबुटी जन्य बस्तुहरु			
ख.	कवाडीजन्य बस्तुहरु			
ग.	जिवजन्तुको हाड, सिंग, खुर, प्वाँख			

ज. वहाल विटौरी सम्बन्धी विबरण

क.सं.	सम्पत्तिहरु	इकाई	परिमाण	दर
क.	हाटवजारका सेड, कोठा तथा खालि स्थान			
ख.	सार्वजनिक जग्गा			

झ. ..... गाउँ/नगरपालिकाले **निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा**

क्र.सं.	सेवाहरु	उपलब्ध गराईएको स्थान वा क्षेत्र	इकाई र परिमाण	सेवा शुल्कको संभावना (छ ÷छैन)	हालको अवस्था (आय)
१	फोहरमैला व्यवस्थापन				

क्र.सं.	सेवाहरु	उपलब्ध गराईएको स्थान वा क्षेत्र	इकाई र परिमाण	सेवा शुल्कको संभावना (छ ÷छैन)	हालको अवस्था (आय)
२	स्थानीय खानेपानी				
३	बिजुली				
४	धारा				
५	अतिथि गृह				
६	धर्मशाला				
७	पुस्तकालय				
८	सभागृह				
९	ढल निकास				
१०	सडक बत्ति				
११	सार्वजनीक शौचालय				
१२	पार्क				
१३	पौडी पोखरी				
१४	व्यायमशाला				
१५	पर्यटकिय स्थल				
१६	हाट बजार				
१७	पशु बधशाला				
१८	शवदाह गृह				
१९	बसपार्क				
२०	अन्य पार्किङ्ग क्षेत्र				

क्र.सं.	सेवाहरु	उपलब्ध गराईएको स्थान वा क्षेत्र	इकाई र परिमाण	सेवा शुल्कको संभावना (छ ÷छैन)	हालको अवस्था (आय)
२१	सिफारिश तथा प्रमाणित				
२२	दर्ता, अनुमाति, नविकरण दस्तुर				
२३	मूल्यांकन सेवा शुल्क				
२४	नक्सापास				
	अन्य				
जम्मा					

अनुसूची ३: उपस्थिति विवरण